नजर हमर

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9854028218
9802592799
9803474311
9817806395

**सहाराले १२ वर्षपछि जित्यो गोल्डकपको उपाधि**

*समाचार पृष्ठ ६ मा*




● वर्ष ४ ● अंक ९९ ● २०८२ साल फागुन १० गते आइतबार ● Sunday 22, February 2026 ● सूर्योदयः बिहान ०६:३६ बजे ● सूर्यास्तः साँझ ०६:०१ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## गौरमा साम्प्रदायिक तनाव उग्रः कर्फ्यूसँगै सुरक्षा बल परिचालन

**मधेशदृष्टि**
**रौतहट ।**

सदरमुकाम गौर शनिबार दिनभर तनावग्रस्त रह्यो । गौर नगरपालिका–६ सबगढामा बिहीबार राति भएको घटनालाई लिएर सुरु भएको हिन्दू–मुस्लिम समुदायबीचको विवाद शनिबार बिहान करिब साढे ९ बजेदेखि उग्र बनेपछि अवस्था अशान्त बनेको हो ।

बिहीबार राति रमजानको अवसरमा मस्जिदमा नमाज भइरहेको समयमा सोही बाटो हुँदै डिजे बजाउँदै जन्ती जाँदा विवाद चर्किएको बताइएको छ । त्यसपछि शुक्रबार दुवै समुदायबीच तनाव बढ्दै गयो र एकअर्कामाथि आक्रमणका घटना हुन थाले । स्थानीय स्रोतका अनुसार प्रारम्भिक विवाद सामान्य भनिए पनि सामाजिक सञ्जाल र हल्लाका कारण परिस्थिति झन् जटिल बन्दै गएको थियो ।

स्थिति बिग्रँदै गएको सूचना पाएलगत्तै नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका प्रमुखहरू आफ्नै कमाण्डमा सुरक्षाकर्मी लिएर घटनास्थल पुगेका थिए । भीड



नियन्त्रणका क्रममा केही अराजक तत्वले घरको छतबाट सुरक्षाकर्मीमाथि ढुंगामुढा प्रहार गर्दा दुई प्रहरीसहित छ जना स्थानीय घाइते भएका थिए । घाइतेहरूको उपचार स्थानीय स्वास्थ्य संस्थामा गरिएको जनाइएको छ ।

शुक्रबार नै दुवै पक्षका अगुवाबीच छलफल भई छ बुँदे सहमति गरिएको थियो । सहमतिअनुसार शान्ति कायम राख्ने र थप उक्साहट नदिने समझदारी बने पनि शनिबार पुनः आक्रमण सुरु भएपछि अवस्था झन् तनावपूर्ण बनेको प्रशासनले जनाएको छ ।

परिस्थिति नियन्त्रणबाहिर जान सक्ने देखेपछि स्थानीय प्रशासनले पूर्वमा मुडवलबा गेट, पश्चिममा लालबकैया क्षेत्र, उत्तरमा बम नहर र दक्षिणमा गौर भन्सार कार्यालय आसपासका क्षेत्रमा दिउँसो १ बजेदेखि कर्फ्यु आदेश जारी गरेको थियो । कर्फ्यु लागू भएसँगै बजार, शैक्षिक संस्था र यातायात पूर्ण रूपमा प्रभावित भए ।

रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषालले हिन्दू समुदायका व्यक्तिमाथि भएको आक्रमणबाट उत्पन्न विवाद नियन्त्रणका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी र नेपाली सेना लाई व्यापक रूपमा परिचालन गरिएको जानकारी दिए । उनका अनुसार शान्ति सुरक्षालाई प्राथमिकतामा राख्दै संवेदनशील क्षेत्रमा निगरानी बढाइएको छ ।

प्रदर्शनका क्रममा आक्रोशित समूहले भारतीय नम्बर प्लेटको एउटा स्कर्पियो गाडी गौर–४ सोबरनामाई मन्दिर नजिक जलाएको प्रहरीले जनाएको छ । त्यस्तै टिकुलिया, मज्कुटिया र सबगढा क्षेत्रमा गरी कम्तीमा छ वटा मोटरसाइकलमा आगजनी गरिएको छ ।

तनाव चर्किएपछि गौर–५ र गौर–८ पुरेनवा क्षेत्रका मस्जिदमाथि समेत ढुंगामुढा भएको जिल्ला प्रहरी कार्यालय रौतहटले पुष्टि गरेको छ । घटनामा संलग्न भएको आरोपमा प्रहरीले एक दर्जनभन्दा बढी व्यक्तिलाई नियन्त्रणमा लिएको र आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता विष्णु प्रदीप बस्यालले जानकारी दिए ।

यसैबीच, साम्प्रदायिक सद्भाव बिग्रन नदिन र आपसी भाइचारा कायम राख्न विभिन्न राजनीतिक दलका उम्मेदवारहरूले संयमता अपनाउन अपिल गरेका छन् । अनिल कुमार झा, डाक्टर फिरदोस आलम, अजय कुमार गुप्ता, माधव कुमार नेपाल, योगेन्द्र राय यादव तथा राजेश चौधरी लगायतका नेताहरूले शान्ति, एकता र सहिष्णुता कायम राख्न आग्रह गरेका हुन् ।

स्थानीय प्रशासनले अफवाहमा विश्वास नगर्न, सामाजिक सञ्जालमा उत्तेजक सामग्री नफैलाउन र कानुन हातमा नलिन सर्वसाधारणसँग अनुरोध गरेको छ । गौरको अवस्था अझै संवेदनशील रहेकाले सुरक्षा सतर्कता उच्च स्तरमा राखिएको जनाइएको छ ।

## रुपेश कुमार पाण्डेको घोषणापत्र सार्वजनिक रोजगारीदेखि पूर्वाधारसम्म विकासको प्रतिबद्धता

**मधेशदृष्टि**
**वीरगंज ।**




पर्सा निर्वाचन क्षेत्र नं. ३ मा प्रतिनिधिसभा सदस्यका उम्मेदवार रुपेश कुमार पाण्डेले आफ्नो विस्तृत घोषणापत्र सार्वजनिक गर्दै रोजगारी, कृषि, स्वास्थ्य, शिक्षा, पूर्वाधार र सामाजिक सुरक्षालाई प्राथमिकतामा राखेर विकासको स्पष्ट खाका अघि सारेका छन् ।

'समृद्ध पर्सा, आत्मनिर्भर नागरिक' भन्ने लक्ष्यसहित सार्वजनिक गरिएको घोषणापत्रमा युवालाई स्वदेशमै रोजगारी सृजनामार्फत अवसर प्रदान गर्ने प्रतिबद्धता व्यक्त गरिएको छ । स्वदेशमै रोजगारी सिर्जना कार्यक्रम सञ्चालन, साना तथा मझौला उद्योगलाई सहुलियत ऋण उपलब्ध गराउने तथा स्टार्टअप र सूचना प्रविधिमा आधारित उद्यमलाई विशेष प्रोत्साहन दिने योजना समेटिएको छ । यसले युवा जनशक्तिलाई विदेश पलायनबाट रोक्दै उत्पादनशील क्षेत्रमा जोड्ने लक्ष्य राखिएको पाण्डेको भनाइ छ ।

कृषि तथा पशुपालन क्षेत्रलाई आत्मनिर्भर अर्थतन्त्रको आधारका रूपमा प्रस्तुत गर्दै उनले कृषि आधुनिकीकरण र मेकानाइजेसनलाई प्राथमिकता दिएका छन् । मल र बीउमा अनुदान, कृषि बीमा कार्यक्रम सुदृढीकरण तथा युवालाई कृषि उद्यमतर्फ आकर्षित गर्ने विशेष योजना ल्याइने उल्लेख गरिएको छ । किसानलाई बजार व्यवस्थापन र उत्पादनको उचित मूल्य सुनिश्चित गर्ने प्रतिबद्धता पनि घोषणापत्रमा छ ।

स्वास्थ्य क्षेत्र सुधारलाई अर्को मुख्य एजेण्डा बनाउँदै जिल्ला अस्पताल स्तरोन्नति, निःशुल्क आधारभूत स्वास्थ्य सेवा विस्तार तथा स्वास्थ्य बीमा कार्यक्रम प्रभावकारी बनाउने योजना सार्वजनिक गरिएको छ । दुर्गम तथा ग्रामीण भेगमा स्वास्थ्य सेवाको पहुँच विस्तार गर्न आवश्यक पूर्वाधार र

*बाँकी पृष्ठ २ मा*

## हिंसा प्रकरणमा जनमतका जिल्ला संयोजक शेख जमशेद पक्राउ



गौरमा भड्किएको साम्प्रदायिक तनाव प्रकरणमा संलग्न रहेको आरोपमा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । गौर नगरपालिका–६ सवगढामा बिहीबारदेखि सुरु भएको दुई समुदायबीचको विवाद हिंसात्मक बनेपछि अनुसन्धान अघि बढाएको प्रहरीले शेख जमशेदलाई नियन्त्रणमा लिएको हो ।

प्रहरीका अनुसार पक्राउ परेका जमशेद जनमत पार्टीका जिल्ला संयोजक हुन् भने सोही वडाका पूर्व वडाध्यक्षसमेत रहिसकेका छन् । सवगढामा विकसित घटनाक्रममा उनको संलग्नताबारे केही प्रमाण फेला परेको दाबी प्रहरी स्रोतले गरेको छ । उनलाई घरबाटै नियन्त्रणमा लिएर थप अनुसन्धानका लागि जिल्ला प्रशासन कार्यालय लगिएको बताइएको छ ।

घटनाको सुरुवात बिहीबार साँझ मस्जिद अगाडिको बाटो हुँदै जन्तीको गाडी गुज्रिएपछि भएको सामान्य विवादबाट भएको थियो । रमजानको समयमा नमाज चलिरहेका बेला डिजेसहित जन्ती गएको विषयलाई लिएर दुवै पक्षबीच भनाभन सुरु भएको र त्यसले क्रमशः उग्र रूप लिएको स्थानीयले बताएका छन् ।

शुक्रबार दिनभर दुवै समुदायबीच झडप भएपछि स्थिति नियन्त्रणमा लिन प्रशासन सक्रिय भएको थियो । सुरक्षा निकायको पहलमा दुवै पक्षका प्रतिनिधिबीच छलफल गराई ६ बुँदे सहमति समेत गरिएको थियो । तर सहमति भएको एक दिन नबित्दै शनिबार बिहानैदेखि सवगढामा पुनः झडप सुरु भएपछि अवस्था फेरि तनावपूर्ण बनेको छ । बढ्दो तनावलाई ध्यानमा राख्दै स्थानीय प्रशासनले प्रभावित क्षेत्रमा कर्फ्यु आदेश जारी गरेको छ । सुरक्षा व्यवस्था कडा पारिएको छ भने नेपाल प्रहरी र अन्य सुरक्षाकर्मी उच्च सतर्कतामा खटिएका छन् ।


प्रहरीले घटनामा संलग्न अन्य व्यक्तिहरूको पहिचान तथा खोजी कार्य जारी रहेको जनाएको छ । प्रशासनले सर्वसाधारणलाई अफवाहमा विश्वास नगर्न र सामाजिक सद्भाव कायम राख्न आग्रह गर्दै कानून हातमा नलिन चेतावनी दिएको छ । गौरको अवस्था अझै संवेदनशील रहेकाले अनुसन्धान र सुरक्षा निगरानी दुवैलाई सशक्त बनाइएको जनाइएको छ ।

## वडाध्यक्ष अवधविहारी प्रसाद तेली पक्राउ



साम्प्रदायिक घटनापछि गौर नगरपालिका–६ का वडाध्यक्ष अवध विहारी प्रसाद तेलीलाई प्रहरीले नियन्त्रणमा लिएको छ । सबगढा क्षेत्रमा सुरु भएको विवादलाई मत्थर पार्न सघाउनुको सट्टा भड्काउन भूमिका खेलेको आरोप लागेपछि उनलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ । तेली नेकपा (एकीकृत समाजवादी)बाट निर्वाचित वडाध्यक्ष हुन् र पार्टी नेता माधव नेपाल निकट मानिन्छन् । प्रहरी उच्च स्रोतका अनुसार हिन्दु समुदायतर्फबाट हिंसात्मक गतिविधि बढाउन उक्साएको आरोप उनीमाथि लगाइएको छ । यद्यपि, घटनामा प्रत्यक्ष संलग्नता रहेको वा नरहेको विषयमा आधिकारिक पुष्टि भइसकेको छैन ।

जिल्ला प्रशासन कार्यालय रौतहटका सहायक प्रमुख जिल्ला अधिकारी जितेन्द्रकुमार यादवले वडाध्यक्ष तेलीलाई नियन्त्रणमा लिएर सोधपुछ भइरहेको पुष्टि गरेका छन् ।



# सुशिल कानुप्रति जनसमर्थन बढ्दो, युवा र स्थानीय नेता सक्रिय
## घरदैलो र नयाँ प्रवेशले देखायो परिवर्तनको संकेत



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर २ अन्तर्गत वीरगञ्ज महानगरपालिका विभिन्न वडामा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रति जनसमर्थन बढ्दै गएको देखिएको छ । पछिल्लो चुनावी गतिविधि अन्तर्गत बिन्दवासनी टोल (वडा नम्बर १९) मा उम्मेदवार सुशील कुमार कानुले घरदैलो कार्यक्रम सम्पन्न गरेका छन् । कार्यक्रममा स्थानीय युवा, महिला, ज्येष्ठ नागरिक र समर्थकहरूको उल्लेखनीय सहभागिता देखिएको थियो ।
कार्यक्रममा उपस्थित स्थानीयहरूले कानुलाई अबिर, गम्छा र फूलमालाले स्वागत गरेका थिए । उम्मेदवारले टोल–टोलमा पुगेर मतदातासँग प्रत्यक्ष संवाद गर्दै क्षेत्रका समस्या, आवश्यकता र विकास सम्भावनाबारे विस्तृत छलफल गरेका थिए ।
उनले कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासलाई आफ्नो प्रमुख प्राथमिकता रहेको स्पष्ट पारे । 'जनताको आधारभूत आवश्यकतामा केन्द्रित कार्यक्रम ल्याउनेछु,' कानुले भने, 'स्थानीय तहदेखि संघीय तहसम्म समन्वयमा योजनाबद्ध विकास अघि बढाइनेछ ।'
कृषि क्षेत्रका समस्यामा ध्यान दिँदै उनले किसानले समयमै मल नपाउँदा उत्पादनमा असर परेको बताए र मलको सुनिश्चित व्यवस्थापन गर्ने प्रतिबद्धता जनाए ।
युवाहरूका लागि रोजगारीमुखी र सीपमूलक तालिमको व्यवस्था गरी स्थानीय स्तरमै रोजगारी सिर्जना गर्ने योजना पनि उनले सार्वजनिक गरे । 'जब युवाले आफ्नै गाउँ–ठाउँमा काम पाउने वातावरण तयार हुन्छ, वैदेशिक रोजगारीको आवश्यकता घट्छ,' उनले जोड दिए ।
स्थानीय बासिन्दाहरूले लामो समयदेखि शिक्षा, स्वास्थ्य सेवा, सडक र खानेपानी जस्ता आधारभूत पूर्वाधारमा सुधार नआएको गुनासो गरेका थिए । कानुले जवाफमा निर्वाचित भएपछि जनताको आवाज संसद्मा पु¥याउने र विकासमा परिणाममुखी काम गर्ने प्रतिबद्धता दोहो¥याए । घरदैलोमा सहभागी युवाहरूले 'परिवर्तनको समय आएको' भन्दै रास्वपाप्रति आकर्षण बढ्दै गएको प्रतिक्रिया दिएका थिए ।
यसैबीच, वीरगंज महानगरपालिका वडा नम्बर ९ मा वडा नम्बर १० का एमाले एकाइ अध्यक्ष अशोक शाह कानु, वडा सदस्यका उम्मेदवारहरू शेखर अग्रवाल, रेनु कर्ण र जयकुमारीको नेतृत्वमा युवाहरूको ठूलो समूह पार्टीमा प्रवेश गरेको छ । यससँगै वडा नम्बर ६ र ९ का युवाहरू पनि रास्वपामा आबद्ध भएका छन् । नवप्रवेशीहरूलाई उम्मेदवार कानुले टीका र खादा लगाएर पार्टीमा स्वागत गरे ।
यस्तै, भेट्रारान फुटबल क्लबका अध्यक्ष सविन बस्नेत सहितको समूहलाई पनि पार्टीमा स्वागत गरिएको छ । राष्ट्रिय स्वतन्त्र पार्टीका युवा नेता लखन कुमार गुप्ताले विभिन्न वडाबाट युवाहरूले सक्रिय रूपमा पार्टीमा प्रवेश गर्ने क्रम तीव्र बन्दै गएको जानकारी दिएका छन् ।
बिन्दवासनीमा सम्पन्न घरदैलो र विभिन्न वडाबाट युवा र स्थानीय नेताहरूको प्रवेशले देखाउँछ कि पर्सा–२ मा रास्वपाप्रति जनसमर्थन मात्र बढिरहेको छैन, यहाँको राजनीतिक चेतना र परिवर्तनको अपेक्षासँगै पार्टीको सशक्त उपस्थिति पनि मजबुत हुँदै गएको छ ।

# महोत्तरीमा मतदानस्थल अनुगमन र सुरक्षा परिचालन तीव्र

**मधेशदृष्टि**
**महोत्तरी ।**
प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा महोत्तरीमा मतदानस्थल अनुगमन र सुरक्षा परिचालन तीव्र पारिएको छ । नेपाल–भारत खुला सीमाका कारण निर्वाचन व्यवस्थापन चुनौतीपूर्ण मानिँदै आएको यस जिल्लामा सुरक्षा संयन्त्र उच्च सतर्कतामा राखिएको जिल्ला सुरक्षा समितिले जनाएको छ । भारतको बिहार राज्यअन्तर्गत सीतामढी र मधुबनी जिल्लासँग करिब ३९ किलोमिटर खुला सीमा जोडिएको महोत्तरीमा सीमा पारिबाट हुन सक्ने अवाञ्छित गतिविधि नियन्त्रणलाई मुख्य चुनौतीका रूपमा लिइएको छ ।
जिल्लामा कायम २५८ मतदानस्थलमध्ये ६३ प्रतिशत अर्थात् १६३ स्थल अतिसंवेदनशील, ३४ प्रतिशत अर्थात् ८९ स्थल संवेदनशील र २ प्रतिशत अर्थात् ६ स्थल सामान्य श्रेणीमा वर्गीकरण गरिएको छ । सोही आधारमा सुरक्षाकर्मी परिचालन, निगरानी तथा गस्ती व्यवस्थापन गरिएको समितिले जनाएको छ ।

# झण्डा आगजनी गरेको आरोपमा पक्राउ

**मधेशदृष्टि**
**सप्तरी ।**
सप्तरी निर्वाचन क्षेत्र नम्बर–२ अन्तर्गत रहेका महदेवा गाउँपालिका–५ भगवतपुर चोकमा नेकपा एमालेको चुनावी प्रचारप्रसारका लागि डोरीमा बाँधेर झुण्ड्याइएको झण्डा निकालेर आगजनी गरेको आरोपमा एक जना पक्राउ परेका छन् । पक्राउ पर्नेमा महादेव गाउँपालिका वडानम्बर–५ कै २५ वर्षीय हरिनारायण मण्डल रहेका छन् ।
मण्डल निर्वाचन प्रहरीमा कार्यरत भएको स्रोतले पुष्टि गरेको छ । जिल्ला प्रहरी सप्तरीका प्रहरी नायव उपरीक्षक तथा सूचना अधिकारी (डिएसपी) डम्बरबहादुर पुरीले भने घटनाबारे थप अनुसन्धान गरिरहेको बताए । प्रहरीले पत्रकार सम्मेलन गरेर थप जानकारी दिए बताएको छ ।

# बलरा नपाका पूर्व मेयर सिंह काँग्रेसमा प्रवेश

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाही निर्वाचन क्षेत्र नं ४ मा पर्ने बलरा नगरपालिकाका पूर्व मेयर अभयकुमार सिंह नेपाली कांग्रेस प्रवेश गरेका छन् । पछिल्लो समय लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) मा सक्रिय रहेका सिंहलाई कांग्रेसका सभापति गगनकुमार थापाले गएराति पार्टी प्रवेश गराएका हुन् ।
सिंहको निवासमै आयोजित कार्यक्रममा थापासहित कांग्रेसका केन्द्रीय तथा निवर्तमान सभापति सुरेन्द्र प्रसाद सिंहलगायत जिल्ला तहका नेताहरूको उपस्थिति थियो । सिंह २०७४ सालको स्थानीय तह निर्वाचनमा तत्कालीन राष्ट्रिय जनता पार्टी (राजपा) बाट बलरा नगरपालिकाको मेयरमा ४ हजार ३ सय २७ मत प्राप्त गरी निर्वाचित भएका थिए । २०७९ सालको स्थानीय तह निर्वाचनमा भने राजपाको विभाजनपछि लोसपाबाट मेयरका प्रत्याशी बनेका उनी नेकपा माओवादी केन्द्रका उम्मेदवार रामाशंकर कुशवाहासँग पराजित भएका थिए ।
यसअघि सर्लाही–४ का लोसपा नेता तथा पूर्व संविधानसभा सदस्य केदारनन्दन चौधरी, मनिष मिश्रलगायत दर्जनौं नेता–कार्यकर्ता पनि कांग्रेसमा प्रवेश गरिसकेका छन् ।

# एमालेका वडाकमिटि अध्यक्ष रास्वपामा प्रवेश

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पकहामैनपुर गापा–५ सवैठवाका नेकपा एमाले वडा कमिटीका अध्यक्ष रामबाबु चौरसिया लगायतका नेता कार्यकर्ताहरू राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गरेका छन् ।
सो अवसरमा एमालेका भ्रातृ संगठन ओबीसीका केन्द्रीय सदस्य रमेश चौरसियाको नेतृत्वमा सम्पूर्ण कमिटीसहित कांग्रेस, एमाले लगायत विभिन्न पार्टीका ११६ जना रास्वपामा सामूहिक प्रवेश गरेका हुन् । नेकपा एमाले पकहामैनपुर गापा–५ सवैठवा वडा कमिटीको यही फागुन २ गते बसेको बैठकले निर्णय गरे अनुसार आफुहरूसामूहिक प्रवेश गरिएको अध्यक्ष रामबाबु चौरसियाले बताए ।
नवप्रवेशीहरूलाई पर्सा निर्वाचन क्षेत्र नं. ४ रास्वपाका उम्मेदवार टेकबहादुर शाक्यले टीका तथा माला लगाएर स्वागत गरेका थिए ।
प्रवेशसँगै पकहामैनपुर गापा वडा नम्बर–५ सवैठवामा ७० प्रतिशत 'घण्टीमय' भएको नवप्रवेश ओविसी नेता रमेश चौरसियाले दाबी गरेकाछन् ।

# पर्सा–२ मा जसपा उम्मेदवार अशोक टेमानीप्रति
# मतदाताको आकर्षण बढ्दै
## घरदैलो, कार्यकर्ता भेला र पार्टी प्रवेशले टेमानी बलियो बन्दै




मधेशदृष्टि
वीरगंज ।
पर्सा निर्वाचन क्षेत्र नम्बर २ मा जनता समाजवादी पार्टी (जसपा) बाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार अशोक टेमानीको चुनावी प्रचारप्रसार अभियान तीव्र रुपमा सशक्त हुँदै गएको छ । निर्वाचन प्रचारप्रसार सुरु भएदेखि नै घरदैलो, कार्यकर्ता भेला, युवा भेला र रात्रीसभा कार्यक्रमहरूको माध्यमबाट टेमानीले मतदातासँग प्रत्यक्ष संवाद गर्दै आफ्नो योजनाहरू प्रस्तुत गरिरहेका छन् ।
पर्सा–२ का स्थानीय मतदातामाझ जसपाप्रति आकर्षण दिनप्रतिदिन बढ्दै गएको देखिएको छ । विगतमा पटक पटक विभिन्न राजनीतिक दलका नेताहरूले मतदातालाई ठगी मात्र गरेकाले यसपालिको निर्वाचनमा जनताले सक्षम र विश्वसनीय विकल्पको खोजी गरिरहेका छन् । टेमानी यसै अवसरमा आफ्नो छवि र विश्वासिलो नेतृत्वको कारण मतदाताको पहिलो रोजाईमा उभिन सफल भएका छन् ।
शनिबार वीरगंज महानगरपालिका वडा नम्बर २५ सिर्सिया टोलमा आयोजित जसपाको कार्यकर्ता भेला तथा पार्टी प्रवेश कार्यक्रममा यस प्रवृत्तिको स्पष्ट प्रमाण देखिएको छ । कार्यक्रममा विभिन्न पार्टी छाडेर २५० भन्दा बढी नेता, कार्यकर्ता र स्थानीय युवा जसपामा प्रवेश गरेका थिए । पार्टी प्रवेश गरेका नयाँ सदस्यहरूमा अनुभवी, शिक्षित र समाजसेवी व्यक्तिहरूको प्रमुख सहभागिता रहेको बताइएको छ ।
कार्यक्रममा सहभागी युवाहरूले टेमानीको सक्रियता, प्रगतिशील सोच र क्षेत्रीय विकासप्रतिको प्रतिबद्धता उच्च मूल्यांकन गरेका थिए । स्थानीय मतदाताहरूले यसपालि ठगी गर्ने र केवल चुनावी वाचा गर्ने नेताहरूलाई छोडेर सक्षम उम्मेदवारलाई साथ दिने प्रतिवद्धता व्यक्त गरेका छन् ।
टेमानीले उपस्थित जनसमुदायलाई सम्बोधन गर्दै गाउँ ठाउँमा रोजगारी, शिक्षा, स्वास्थ्य र पूर्वाधारमा सुधार ल्याउने स्पष्ट योजना प्रस्तुत गरेका छन् । उनले मतदातालाई विश्वास दिलाउँदै भने, 'म निर्वाचित भएपछिको कार्यकालमा क्षेत्रका वास्तविक समस्यालाई प्राथमिकताका साथ सम्बोधन गर्नेछु र जनता माझको भरोसा कायम राख्नेछु ।'
जसपामा प्रवेश गरेका नेताहरूले पनि टेमानीको नेतृत्व र पार्टीको उद्देश्यप्रति आफ्नो पूर्ण समर्थन व्यक्त गरेका छन् । युवा, महिला र अनुभवी सदस्यहरूको सहभागिताले पार्टीको शक्ति र संगठनात्मक क्षमता अझ सुदृढ भएको देखिन्छ ।
पर्सा–२ मा जसपामा बढ्दो आकर्षणको कारणले मतदातामा विकल्पको विकल्पको रूपमा टेमानीको छवि बलियो बन्दै गएको छ । घरदैलो र कार्यकर्ता भेलामा देखिएको उत्साहले स्पष्ट गरेको छ कि चुनावी रणनीति प्रभावकारी रहेको छ । यससँगै पार्टी प्रवेश र मतदातामाझ प्रत्यक्ष संवादको क्रम जारी रहँदा टेमानीको प्रचारप्रसार अझ सशक्त र व्यापक हुँदै गएको विश्लेषकहरूले बताएका छन् ।
उक्त कार्यक्रमले केवल उम्मेदवारको लोकप्रियता बढाएको मात्र छैन, क्षेत्रीय विकास, जनतासँगको प्रत्यक्ष संवाद र संगठन सुदृढीकरणमा पनि महत्वपूर्ण योगदान दिएको छ ।
आगामी निर्वाचनमा टेमानी र जसपाप्रति मतदाताको झुकाव बढ्दै गएपछि यस क्षेत्रको राजनीतिक परिदृश्यमा महत्वपूर्ण परिवर्तन आउन सक्ने संभावना देखिएको छ ।

# बाघ गणनामा प्रयोग गरिएका ६० वटा क्यामरा हरायो

**मधेशदृष्टि**
**वीरगंज ।**
चितवन र पर्सा राष्ट्रिय निकुञ्ज कम्प्लेक्समा बाघ गणनामा प्रयोग गरिएका ६० वटा क्यामेरा हराएका छन् । चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी अविनास थापा मगरले ६० वटा हराएका र २५ वटा क्यामेरा बिग्रेका बताउनुभयो ।
चितवन र पर्सा राष्ट्रिय निकुञ्जमा १ हजार ७ सय ८० वटा क्यामेरा प्रयोग गरिएको थियो ।
गएको पुस ३ गतेदेखि शुरू गरिएको बाघ गणना सम्पन्न भएको छ । सूचना अधिकारी थापा मगरका अनुसार दुई वटा राष्ट्रिय निकुञ्जलाई एउटा कम्प्लेक्स र एउटा कम्प्लेक्सलाई तीन ब्लकमा विभाजन गरी बाघ गणना गरिएको थियो ।

# आचारसंहिता विपरित टाँसिएका २० हजार प्रचार सामाग्री हटाइयो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
यही फागुन २१ मा हुने प्रतिनिधिसभा सदस्य चुनाव नजिकिँदै गर्दा धनुषामा आचारसंहिता विपरीत टाँसिएका झन्डै २० हजार प्रचार सामग्री हटाइएको छ । जिल्ला प्रशासन कार्यालय धनुषाले जनकपुरधाम नगर क्षेत्रभित्र विभिन्न उम्मेदवारले जथाभावी टाँसेका पर्चा, पम्पलेट, ब्यानर र पोस्टर हटाएको जनाएको छ ।
प्रशासनका अनुसार सार्वजनिकस्थल, बिजुलीका पोल, सरकारी भवन तथा सडक छेउछाउ आचारसंहिता विपरीत टाँसिएका सामग्री हटाइएको हो ।
निर्वाचन आचारसंहितालाई प्रभावकारी बनाउन प्रशासनले उम्मेदवार तथा राजनीतिक दललाई नियमविपरीतका प्रचार सामग्री आफैँ हटाउन निर्देशन दिएको थियो ।
तर उनीहरुले त्यस्ता सामग्री नहटाएपछि प्रशासन आफैँले हिजो झन्डै २० हजार प्रचार सामग्री हटाएको प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद लुइँटेलले जानकारी दिए ।

# वीरगंजमा अन्तर्राष्ट्रिय मातृभाषा दिवस मनाइयो

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजमा शनिबार अन्तर्राष्ट्रिय मातृभाषा दिवस विभिन्न कार्यक्रमका साथ मनाइएको छ । हरेक वर्ष फेब्रुअरी २१ तारिखलाई अन्तर्राष्ट्रिय मातृभाषा दिवसका रूपमा मनाउने गरिन्छ ।
यो दिवसको माध्यमबाट विश्वका विभिन्न भाषा तथा संस्कृतिको विविधतालाई स्वीकार गरी बहुभाषा र बहुसंस्कृतिलाई संरक्षणको प्रयास गरिएको छ । दिवसको अवसरमा नेपालमा पनि भाषिक जागरुकता, साँस्कृतिक विविधता र बहुभाषावाद प्रवद्र्धनसम्बन्धी विभिन्न कार्यक्रम गरी मनाईंदैछ ।
बहुभाषिक देश नेपालमा २०७८ को जनगणना अनुसार एक सय २४ भन्दा धेरै मातृभाषाहरू बोलिन्छन् ।
राष्ट्रिय मातृभाषा दिवस मनाउन गरेको प्रस्तावलाई संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा साँस्कृतिक संगठन (युनेस्को) ले अनुमोदन गरेसँगै यो दिवस विश्वका विभिन्न देशमा मनाउन थालिएको हो ।

# मतदान अधिकृत तथा सहायक अधिकृतलाई प्रशिक्षण




**सिरहा ।**
यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै जिल्ला निर्वाचन कार्यालय सिरहाले मतदान अधिकृत तथा सहायक मतदान अधिकृतका लागि एकदिने प्रशिक्षण सञ्चालन गर्ने भएको छ । कार्यालयले शुक्रबार एक सूचना जारी गर्दै शनिबार देखि प्रशिक्षण सुरु हुने जनाएको हो ।
जिल्ला निर्वाचन कार्यालयका प्रमुख राजन श्रीवास्तवका अनुसार प्रशिक्षण सदरमुकामस्थित सूर्यनारायण सत्यनारायण मोरवैता यादव बहुमुखी क्याम्पस सिरहामा सञ्चालन हुनेछ । प्रशिक्षण बिहान १० बजेदेखि सुरु हुने जनाइएको छ । निर्वाचनलाई निष्पक्ष, पारदर्शी र व्यवस्थित रूपमा सम्पन्न गर्न आवश्यक ज्ञान र सीप अभिवृद्धि गर्ने उद्देश्यले प्रशिक्षण आयोजना गरिएको हो, प्रमुख श्रीवास्तवले बताउ ।
कार्यालयका अनुसार निर्वाचन क्षेत्र नं १, २, ३ र ४ का मतदान अधिकृतका लागि फरक–फरक मितिमा प्रशिक्षण सञ्चालन गरिनेछ । त्यसैगरी निर्वाचन क्षेत्र नं १ र २ तथा निर्वाचन क्षेत्र नं ३ र ४ का सहायक मतदान अधिकृतका लागि पनि छुट्टाछुट्टै प्रशिक्षण मिति निर्धारण गरिएको छ । प्रशिक्षण १४ गतेसम्म सञ्चालन हुने जनाइएको छ ।
तोकिएको मिति र समयमा सम्बन्धित सबै अधिकारी अनिवार्य रूपमा उपस्थित हुनुपर्नेछ,कार्यालयद्वारा जारी सूचनामा उल्लेख छ । प्रशिक्षणमा मतदान प्रक्रिया, मतपत्र व्यवस्थापन, मतदान केन्द्र सञ्चालन, आचारसंहिता पालना, मतगणना प्रक्रिया तथा आकस्मिक अवस्थाको व्यवस्थापन लगायतका विषयमा जानकारी दिइने जनाइएको छ । यस प्रशिक्षणले निर्वाचन कार्यलाई थप प्रभावकारी, मर्यादित र विश्वसनीय बनाउन सहयोग पुग्ने विश्वास कार्यालयले लिएको छ ।
जिल्ला निर्वाचन कार्यालयले सम्बन्धित सबै मतदान अधिकृत तथा सहायक मतदान अधिकृतलाई समयमै उपस्थित भई प्रशिक्षण सफल बनाउन आग्रह गरेको छ । रासस


## बिन्दवासिनी गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
बहुअर्वाभाठ्ठा, पर्सा
मधेश प्रदेश, नेपाल

प.सं.२०८२/०८३
च.नं.

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशित मिति: २०८२/११/१०

यस कार्यालयबाट मिति २०८२/०८/२८ गते अन्नपुर्ण पोष्ट पत्रिकामा प्रकाशित सूचना बमोजिम देहायका कार्य गर्नको लागि रित पूर्वक दर्ता हुन आएको बोलपत्रहरु मिति २०८२/१०/१९ गतेमा अन्नपूर्ण पोष्टमा प्रकाशित भएको टेक्निकल रुपमा मूल्यांकन सारभुत रुपमा प्रभावग्राही भएको तथा तपसिल बमोजिमको बोल पत्र न्युनतम् मूल्याङ्कन सारभूत रुपमा प्रभावग्राही भई यस कार्यालयको मिति २०८२/११/०३ गतेको निर्णयानुसार स्वीकृतको लागि छनौट गरिएकोले सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदाफा २ को प्रयोजनार्थ सम्बन्धि सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.न. | ठेक्का नं. | कार्यको विवरण | कबोल अंङ्क (मू.अ.कर समेत) | सारभूत रुपमा प्रभावग्राही फर्मको नाम, ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १. | BRM/W/02/2082/083 | "ढंगही नदी सिंचाई योजना" | ३,९५,२४,६३०।३७ | श्री संजय निर्माण सेवा, हेटौडा,५ मकवानपुर | पहिलो |

प्रमुख प्रशासकीय अधिकृत


# रुपेश कुमार पाण्डेको घोषणापत्र....

जनशक्ति व्यवस्थापन गरिने उल्लेख छ ।
शिक्षा क्षेत्रतर्फ सार्वजनिक विद्यालय सुधार कार्यक्रम सञ्चालन, प्राविधिक तथा व्यावसायिक शिक्षामा जोड र डिजिटल शिक्षाको विस्तार गर्ने लक्ष्य राखिएको छ । गुणस्तरीय शिक्षा प्रणालीमार्फत दक्ष जनशक्ति उत्पादन गरी स्थानीय स्तरमै रोजगारीका अवसर सिर्जना गर्ने दीर्घकालीन सोच प्रस्तुत गरिएको छ ।
पूर्वाधार विकासलाई तीव्रता दिने प्रतिबद्धतासहित सडक र पुल निर्माण, जलविद्युत् आयोजना अगाडि बढाउने तथा सिँचाइ र खानेपानी परियोजना विस्तार गर्ने योजना समावेश गरिएको छ ।
दीर्घकालीन योजना बनाएर व्यवस्थित र दिगो पूर्वाधार निर्माण गर्ने लक्ष्य रहेको पाण्डेयले बताएका छन् ।
सामाजिक सुरक्षातर्फ वृद्धभत्ता तथा अन्य सामाजिक सुरक्षा भत्तालाई निरन्तरता दिँदै थप प्रभावकारी बनाउने, साथै गरिबी निवारण कार्यक्रम विस्तार गर्ने प्रतिवद्धता जनाइएको छ । समाजका विपन्न, ज्येष्ठ नागरिक तथा श्रमजीवी वर्गलाई प्राथमिकतामा राखेर समावेशी विकास अघि बढाइने उल्लेख छ ।
घोषणापत्र सार्वजनिक कार्यक्रममा पाण्डेयले राजनीति केवल पद प्राप्तिका लागि नभई जनताको जीवनस्तर उकास्ने माध्यम हुनुपर्ने धारणा व्यक्त गरे । उनले आफूलाई मत दिएर विकासको यो संकल्पलाई साकार पार्न सहयोग गर्न मतदातासँग अपिल गरेका छन् ।
समग्रमा रुपेश कुमार पाण्डेको घोषणापत्रले पर्सा क्षेत्र नं. ३ मा रोजगारी, कृषि, शिक्षा, स्वास्थ्य र पूर्वाधारलाई समेट्दै समावेशी तथा दीर्घकालीन विकासको स्पष्ट दिशा प्रस्तुत गरेको देखिन्छ । अब मतदाताको रोजाइले यी प्रतिबद्धता कार्यान्वयनको मार्ग तय गर्नेछ ।

# रामगाढवा टोलका समस्यामाथि टेमानीको फोकस
## समाधानमुखी एजेण्डासहित घरदैलो अभियान

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका–२४ अन्तर्गत रामगाढवा टोलका दीर्घकालीन शहरी समस्यालाई चुनावी बहसको केन्द्रमा ल्याउँदै पर्सा क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य उम्मेदवार अशोक टेमानीले समाधान उन्मुख योजना अघि सारेका छन् । जनता समाजवादी पार्टी (जसपा) नेपालका तर्फबाट उम्मेदवारी दिएका टेमानीले घरदैलो अभियानमार्फत स्थानीय बासिन्दासँग प्रत्यक्ष संवाद गर्दै समस्या पहिचान र समाधानका उपायबारे धारणा राखेका हुन् ।



घरदैलोका क्रममा टेमानीले ज्येष्ठ नागरिक, महिला, युवा र किसानसँग छलफल गर्दै उनीहरूको दैनन्दिन जीवनसँग जोडिएका कठिनाइबारे जानकारी संकलन गरे । स्थानीयले खानेपानी अभाव, गुणस्तरीय शिक्षा र सहज स्वास्थ्य सेवाको कमी, कृषि क्षेत्रका अवरोध, वर्षेनी दोहोरिने डुबान–बाढी तथा कमजोर भौतिक पूर्वाधारलाई मुख्य समस्या रूपमा औंल्याए ।
रामगाढवा टोलमा खानेपानी संकट वर्षौंदेखि जटिल बन्दै गएको स्थानीयको गुनासो छ । चापाकल सुक्ने, नियमित धारा नआउने र ट्यांकरमा निर्भर रहनुपर्ने अवस्थाले सर्वसाधारण प्रभावित भएको उनीहरूले बताए। टेमानीले दीर्घकालीन समाधानका लागि आधुनिक पानी आपूर्ति प्रणाली, भूमिगत जल संरक्षण तथा व्यवस्थित वितरण संयन्त्र आवश्यक रहेको उल्लेख गरे ।
शिक्षा क्षेत्रमा विद्यालयको पूर्वाधार कमजोर, शिक्षक दरबन्दी अपुग र शैक्षिक सामग्रीको अभावले विद्यार्थी प्रभावित भएको अभिभावकहरूको भनाइ छ । यस सन्दर्भमा टेमानीले विद्यालय सुधार कार्यक्रम, प्राविधिक शिक्षाको विस्तार र युवा लक्षित सीप विकास तालिम सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरे ।
स्वास्थ्य सेवाको पहुँच पनि सन्तोषजनक नरहेको भन्दै स्थानीयले सामान्य उपचारका लागि समेत टाढा धाउनुपर्ने अवस्था रहेको बताएका छन् । स्वास्थ्य चौकीको स्तरोन्नति, औषधि आपूर्ति र दक्ष जनशक्ति व्यवस्थापनका लागि पहल गर्ने टेमानीले आश्वासन दिए ।
कृषि क्षेत्रमा मल, बीउ, सिँचाइ र बजारको अभावले किसान मारमा परेको गुनासो सुनियो । वर्षायाममा डुबान र बाढीका कारण खेतबारीमा क्षति पुग्ने समस्या पनि दोहोरिने गरेको बताइएको छ । यसबारे टेमानीले ढल निकास सुधार, तटबन्ध निर्माण, सिँचाइ विस्तार तथा कृषकलाई अनुदान र सहुलियत ऋण उपलब्ध गराउने विषयमा पहल गर्ने बताए ।
भौतिक पूर्वाधारतर्फ पनि टोलमा कच्ची तथा जीर्ण सडक, अव्यवस्थित ढल निकास र वर्षायाममा पानी जम्ने समस्या गम्भीर रहेको स्थानीयले औंल्याए । टेमानीले दीर्घकालीन पूर्वाधार विकास योजना बनाएर पारदर्शी बजेट विनियोजन सुनिश्चित गर्ने प्रतिबद्धता जनाए ।
प्रत्यक्ष संवादका क्रममा उनले राजनीति जनजीवन रूपान्तरणका लागि हुनुपर्ने धारणा राख्दै निर्वाचित भएमा योजनाबद्ध ढंगले काम गर्ने बताए । स्थानीय सुझावलाई घोषणापत्रमा समेट्ने प्रतिबद्धता पनि उनले दोहो¥याए ।
घरदैलो कार्यक्रममा युवाहरूको उल्लेखनीय उपस्थिति देखिएको थियो। उनीहरूले रोजगारी, सीपमूलक तालिम र स्वरोजगार कार्यक्रमको माग गरेका थिए। टेमानीले युवालाई उत्पादनशील क्षेत्रमा जोड्ने विशेष कार्यक्रम ल्याउने आश्वासन दिए ।
रामगाढवा टोलमा सम्पन्न उक्त कार्यक्रमले स्थानीय समस्या प्रत्यक्ष रूपमा बुझ्ने र समाधानतर्फ अग्रसर हुने प्रतिबद्धतासहित चुनावी माहोललाई थप सक्रिय बनाएको छ । मतदाताहरूले आश्वासनलाई व्यवहारमा उतार्ने नेतृत्वको अपेक्षा व्यक्त गरेका छन् । टेमानीको प्रत्यक्ष संवादमूलक अभियानले पर्सा क्षेत्र नं. २ मा चुनावी प्रतिस्पर्धालाई अझ चासोपूर्ण बनाएको देखिन्छ ।

# वीरगंज–७ मा जसपा र कांँग्रेसका नेता एमाले प्रवेश
## देश जोगाउने शक्तिलाई रोजूस्: प्रदीप यादव



मधेशदृष्टि
वीरगंज ।
वीरगंज महानगरपालिका–७ मा सम्पन्न एक विशेष कार्यक्रममा विभिन्न दल परित्याग गर्दै केही प्रभावशाली स्थानीय नेता नेकपा (एमाले) मा प्रवेश गरेका छन् । जनता समाजवादी पार्टी (जसपा) नेपालका स्थानीय नेता तथा वडाध्यक्षका आकांक्षी दीपक महतोले एमाले रोज्दै औपचारिक रूपमा पार्टी प्रवेश गरेका हुन् ।
महतोसँगै शिवजी गुप्ता, महिला नेतृ सुनिता देवी, नेपाली काँग्रेसका नेता सियाराम नेपाली लगायत सयौँ स्थानीय कार्यकर्ताले पनि आ–आफ्नो दल छाडेर एमालेमा आबद्धता जनाएका छन् । नवप्रवेशीहरूलाई पर्सा निर्वाचन क्षेत्र नम्बर १ बाट प्रतिनिधिसभा सदस्य पदका उम्मेदवार तथा पूर्वमन्त्री प्रदीप यादवले फूलमाला र गम्छा ओढाएर स्वागत गरे ।
कार्यक्रमलाई सम्बोधन गर्दै यादवले दीपक महतो र शिवजी गुप्ताजस्ता स्थानीय प्रभावशाली व्यक्तित्वहरूको आगमनले वडा नम्बर ७ मा एमालेको संगठनात्मक आधार थप सुदृढ भएको बताए । 'यस प्रवेशले पार्टीलाई नयाँ ऊर्जा र बल दिएको छ,' उनले उल्लेख गरे ।
आगामी निर्वाचनलाई 'देश जलाउने र देश जोगाउने शक्तिबीचको प्रतिस्पर्धा' का रूपमा चित्रित गर्दै यादवले राष्ट्रियता, संघीयता र अखण्डताको रक्षाका लागि एमालेलाई मत दिन मतदातासँग आग्रह गरे । देश अप्ठ्यारो परिस्थितिमा हुँदा खुला रूपमा राष्ट्रको पक्षमा बोल्ने पहिलो नेता एमाले अध्यक्ष केपी शर्मा ओली भएको दाबी गर्दै उनले ओलीजस्ता नेतृत्वको आवश्यकता औँल्याए । वैदेशिक हस्तक्षेप रोक्न र देशलाई स्थायित्व दिन ओली भावी प्रधानमन्त्री बन्नुपर्ने उनको भनाइ थियो ।
यादवले नेपाली काँग्रेसमाथि पनि कडा टिप्पणी गरे । काँग्रेसले आफूलाई नयाँ अनुहारका रूपमा प्रस्तुत गरे पनि पटक–पटक निर्वाचन लड्ने व्यक्तिहरूलाई टिकट दिएको भन्दै उनले आलोचना गरे ।
पर्सा–१ का काँग्रेस उम्मेदवार व्यवसायिक पृष्ठभूमिबाट आएको उल्लेख गर्दै उनले राजनीतिक योगदान र सामाजिक सक्रियतामाथि प्रश्न उठाए । 'पाँच वर्ष व्यवसायमा व्यस्त रहने र चुनावका बेला मात्र मत माग्न आउने प्रवृत्ति अब स्वीकार्य हुँदैन,' उनले भने ।
आफू यसअघि पर्सा–१ बाट निर्वाचित सांसदका रूपमा विकास निर्माण तथा परोपकारी क्षेत्रमा गरेको कामको चर्चा गर्दै यादवले मतदातालाई काम गर्ने नेतालाई रोज्न आग्रह गरे ।
यसैगरि पर्सा क्षेत्र नम्बर १ मा पर्ने वीरगंज महानगरपालिकाको वडा नम्बर २१ श्रीपुर र वडा नम्बर १२ मा शनिबार नेकपा एमालेको चुनावी घरदैलो, चुनावी कार्यालय स्थापना र पार्टी प्रवेश कार्यक्रम सम्पन्न भएको छ । वीरगंज महानगरपालिका वडा नम्बर २१ श्रीपुरमा एमाले उम्मेदवार प्रदीप यादवले चुनावी घरदैलो गरेपछि चुनावी सम्पर्क कार्यालयको उद्घाटन गरे । त्यहिअवसरमा आयोजित पार्टी प्रवेश कार्यक्रममा रेहान मन्सुरीको अगुवाईमा जालिम मियाँ, सैफ अली, इरफान मन्सुरी लगायतका जेनजी युवाहरु एमालेमा प्रवेश गरे । उनिहरुलाई एमाले उम्मेदवार यादवले अबीरटीका लगाएर पार्टीमा स्वागत गरे ।
त्यसपछि वडा नम्बर १२ मा पनि घरदैलो गरेका यादवले पार्टीको चुनावी सम्पर्क कार्यालयको उद्घाटन गरे । त्यसअवसरमा आयोजित पार्टी प्रवेश कार्यक्रममा युवा नेता मदन गुप्ताको नेतृत्वमा दर्जनौ स्थानीय युवाहरुलाई उम्मेदवार यादवले अबीरटीका लगाएर पार्टीमा प्रवेश गराएका थिए ।

# वीरगंज–२ मा ओमप्रकाश सर्राफको घरदैलो
## खानेपानी समस्याको समाधान गर्ने प्रतिबद्धता

**मधेशृदष्टि**
**वीरगंज ।**
पर्सा निर्वाचन क्षेत्र नम्बर–१ का प्रतिनिधिसभा सदस्य उम्मेदवार ओमप्रकाश सरार्फले आफ्नो चुनावी अभियानलाई जनतासँग प्रत्यक्ष संवादमार्फत थप सशक्त बनाउँदै वीरगंज महानगरपालिका वडा नम्बर–२ मा घरदैलो कार्यक्रम सम्पन्न गरेका छन् । जनमत पार्टीका तर्फबाट उम्मेदवार बनेका सरार्फले स्थानीय बासिन्दासँग भेटघाट गर्दै त्यहाँका विविध समस्या, चुनौती र सम्भावनाबारे विस्तृत जानकारी लिएका हुन् ।




घरदैलो अभियानका क्रममा सरार्फले वडा नम्बर–२ मा देखिएको खानेपानीको समस्या प्रमुख सरोकारको विषय भएको बताए । स्थानीयवासीहरूले वर्षौंदेखि शुद्ध खानेपानीको अभाव झेल्दै आएको गुनासो गरेपछि उनले दीर्घकालीन समाधानका लागि योजनाबद्ध पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । 'खानेपानी नागरिकको आधारभूत अधिकार हो, यसमा कुनै सम्झौता हुँदैन,' उनले भने, 'स्थायी पाइपलाइन विस्तार, पानी ट्यांकी निर्माण र आधुनिक प्रविधिको प्रयोगमार्फत यस समस्याको समाधान गरिनेछ ।'
त्यसैगरी, सडक तथा ढल व्यवस्थापनको समस्या पनि वडा नम्बर–२ मा गम्भीर रूपमा देखिएको पाइएको छ । वर्षायाममा हिलाम्मे सडक र अव्यवस्थित ढल निकासका कारण स्थानीयवासीहरूले सास्ती खेप्दै आएको बताएका छन् । सरार्फले पूर्वाधार विकासलाई प्राथमिकतामा राख्दै गुणस्तरीय सडक निर्माण, ढल व्यवस्थापन सुधार तथा नियमित सरसफाइ कार्यक्रम सञ्चालन गरिने बताए । उनले स्थानीय तह र संघीय सरकारबीच समन्वय गर्दै विकास निर्माणका कामलाई तीव्रता दिने स्पष्ट पारे ।
भेटघाटका क्रममा भूमिसम्बन्धी समस्या पनि उठाइएको थियो । केही क्षेत्रमा सार्वजनिक जग्गा संरक्षण र अवैध अतिक्रमण रोकथामको विषयमा नागरिकहरूले चासो व्यक्त गरेका थिए । सरार्फले सार्वजनिक सम्पत्तिको संरक्षण र पारदर्शी प्रशासनिक प्रणालीमार्फत भूमिसम्बन्धी विवाद समाधान गरिने प्रतिबद्धता जनाए । 'सार्वजनिक जग्गा जनताको साझा सम्पत्ति हो, यसको संरक्षणमा कुनै ढिलाइ गरिने छैन,' उनले जोड दिए ।
यसका साथै, युवाहरूका लागि रोजगारी सिर्जना, सीपमूलक तालिम र उद्यमशीलता प्रवद्र्धन पनि सरार्फको प्रमुख एजेन्डा रहेको उनले बताए । वडा नम्बर–२ का युवाहरुले रोजगारी अभावका कारण विदेश पलायन हुनुपरेको गुनासो गरेपछि उनले स्थानीय स्तरमै उद्योग, साना व्यवसाय र स्वरोजगार कार्यक्रमलाई प्रोत्साहन गर्ने योजना सार्वजनिक गरे । 'युवाशक्ति देशको मेरुदण्ड हो, उनीहरूलाई यहीँ अवसर दिनु हाम्रो कर्तव्य हो,' उनले भने ।
स्वास्थ्य र शिक्षा क्षेत्रको सुदृढीकरण पनि उनको प्राथमिकतामा परेको छ । स्थानीय स्वास्थ्य चौकीको स्तरोन्नति, औषधि आपूर्ति व्यवस्थापन तथा गुणस्तरीय शैक्षिक वातावरण निर्माणमा पहल गरिने उनले बताए । महिलाहरूको सशक्तीकरण, बालबालिकाको संरक्षण र सामाजिक सद्भाव कायम राख्ने विषयमा समेत उनले विशेष ध्यान दिने प्रतिबद्धता व्यक्त गरे ।
घरदैलो अभियानमा सरार्फले प्रत्येक घरमा पुगेर मतदाताको सुझाव, गुनासो र अपेक्षा सुन्ने प्रयास गरेका थिए । स्थानीय बासिन्दाहरूले पनि उम्मेदवारसँग प्रत्यक्ष संवाद गर्न पाएकोमा खुशी व्यक्त गरेका थिए । अभियानका क्रममा वातावरण उत्साहजनक देखिएको थियो भने स्थानीय युवादेखि ज्येष्ठ नागरिकसम्मको उल्लेखनीय सहभागिता रहेको थियो ।
सरार्फले आफ्नो अभियान केवल चुनाव जित्ने उद्देश्यले मात्र नभई दीर्घकालीन विकासको स्पष्ट दृष्टिकोणसहित अघि बढेको बताए । उनले पारदर्शिता, जवाफदेहिता र सुशासनलाई आफ्नो राजनीतिक यात्राको आधार बनाउने प्रतिवद्धता व्यक्त गरे । 'जनताको विश्वास नै मेरो सबैभन्दा ठूलो शक्ति हो," उनले भने, "म यहाँ वाचा गर्न होइन, काम गर्न आएको हुँ ।'
वडा नम्बर–२ मा सम्पन्न घरदैलो कार्यक्रमले जनमत पार्टीको चुनावी अभियानलाई थप गति दिएको छ । स्थानीय समस्या समाधानका स्पष्ट एजेन्डा र सकारात्मक सोचका साथ अघि बढेको सरार्फको अभियानले मतदातामा आशा र विश्वास जगाएको देखिन्छ । आगामी निर्वाचनमा पर्सा क्षेत्र नम्बर–१ मा विकास, सुशासन र समृद्धिको एजेन्डालाई केन्द्रमा राख्दै सरार्फले आफ्नो चुनावी यात्रा निरन्तर अघि बढाइरहेका छन् ।

# मतदानस्थलमा सिसी क्यामेरा जडान गरिने

**मधेशदृष्टि**
**वीरगंज ।**
आगामी निर्वाचनलाई सुरक्षित, निष्पक्ष तथा व्यवस्थित रूपमा सम्पन्न गराउने उद्देश्यले जिल्ला प्रहरी कार्यालय पर्साले विशेष सुरक्षा व्यवस्था मिलाएको जनाएको छ ।
जिल्लाभर रहेका कुल १ सय ६७ वटा मतदानस्थललाई फागुन १७ गतेसम्म सीसीटीभी प्रणालीसँग जोड्ने व्यवस्था गरिएको छ ।
सीसीटीभी प्रणाली मार्फत मतदानस्थलहरूको निरन्तर निगरानी गरी फागुन २१ गते हुने मतदान प्रक्रियालाई थप सुरक्षित, पारदर्शी तथा मर्यादित बनाउने लक्ष्य राखिएको पर्सा प्रहरी प्रवक्ता डिएसपि हरिबहादुर बस्नेतले जानकारी दिएका छन् । उनका अनुसार सुरक्षा व्यवस्थालाई थप प्रभावकारी बनाउन आवश्यक जनशक्ति परिचालन, नियमित अनुगमन तथा सम्बन्धित निकायहरूसँग समन्वयात्मक कार्यलाई प्राथमिकतामा राखिएको छ । जिल्ला प्रहरी कार्यालय पर्साले शान्तिपूर्ण तथा मर्यादित वातावरणमा निर्वाचन सम्पन्न गर्न सबै सरोकारवाला निकाय र आम नागरिकलाई सहयोग गर्न अनुरोध गरेको छ ।

# छुट्टाछुट्टै रक्तदान कार्यक्रममा
## १०९ जनाले गरे रगत दान

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको दुइ स्थानमा शनिबार छुट्टा छुट्टै रक्तदान कार्यक्रम हुँदा १०९ जनाले रक्तदान गरेका छन् । लायन्स क्लव अफ वीरगंज र लायन्स क्लव अफ रक्सौलको संयुक्त आयोजनामा आज सम्पन्न नेपाल–भारत मैत्री रक्तदान कार्यक्रममा ६० जनाले रक्तादान गरेका छन् ।
रक्सौल–वीरगंज मैत्री पुल नजिक दसगजा क्षेत्रमा आयोजित कार्यक्रममा वीरगंज महाननगरका मेयर राजेशमान सिंह, पर्साका प्रमुख जिल्ला, अधिकारी, प्रदेश प्रहरी कार्यालय वीरगंजका प्रमुख, बरिष्ठ प्रहरी उपरिक्षकलगायत सुरक्षा निकायका प्रमुख, नागरिक आगुवा, उद्योगी व्यापारी एवं समाजसेवीरहरूको सहभागिता थियो ।
त्यसैविच रोटरी क्लब बिरगंज र रोटरी क्ल्ब मेट्रोपोलिस क्लबले संयुक्त रुपमा बिरगंजमा रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । सो कार्यक्रममा ३ जना महिला सहित ४९ जनाले गरे रक्तदान गरेका, आयोजक समितिले जनाएको छ । रक्तसञ्चार केन्द्र बिरगंजमा रगतको अभाव देखिए पछि रक्तदान कार्यक्रममा आयोजना गरिएको मेट्रोपोलिसका अध्यक्ष सन्जय जोशिले बताए ।
माइस्थान पार्कमा सम्पन्न रक्तदान कार्यक्रम रोटरी क्लब बिरगंजका अध्यक्ष सुनिल खेतान र रोटरी क्लब मेट्रोपोलिसका अध्यक्ष संजय जोशिको संयुक्त अध्यक्षतामा सम्पन्न भएको हो ।

# पर्सा–१ मा रामकिशोर सिंहको घरदैलो
## स्थानीयवासीको उत्साहजनक सहभागिता

**मधेशदृष्टि**
**वीरगंज ।**
उज्यालो नेपाल पार्टीका प्रतिनिधि सभा सदस्य पदका उम्मेदवार रामकिशोर सिंह (पराग)ले शनिबार पर्सा निर्वाचन क्षेत्र नम्बर १ अन्तर्गत वीरगंज महानगरपालिका वडा नम्बर १३ को राधेमाई टोलमा घरदैलो कार्यक्रम सम्पन्न गरेका छन् । कार्यक्रममा स्थानीयवासी, युवा र समुदायका प्रतिनिधिहरूको उल्लेखनीय सहभागिता देखिएको थियो ।



कार्यक्रमका क्रममा स्थानीयले उम्मेदवार सिंहलाई फूलमाला लगाएर भव्य स्वागत एवं सम्मान गरेका थिए । भेटघाटका क्रममा स्थानीयवासीहरूले विगतमा विभिन्न पार्टी र उम्मेदवारहरूले विकास र रोजगारीमा आश्वासन मात्र दिएर व्यवहारमा ठोस काम नगरेको गुनासो व्यक्त गरे । स्थानीय युवाहरूले यसपालि चुनाव नजिकिँदा मात्र वाचा गर्ने र जितिसकेपछि बेवास्ता गर्ने नेताहरूलाई बहिष्कार गर्ने र सक्षम उम्मेदवारलाई समर्थन गर्ने प्रतिवद्धता व्यक्त गरेका थिए ।
कार्यक्रममा सहभागीहरूले उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङको काम गर्ने शैली र प्रतिबद्धतालाई उल्लेख गर्दै उम्मेदवार सिंहप्रति आफ्नो समर्थन स्पष्ट पारे ।
उम्मेदवार सिंहले स्थानीयवासीका समस्यालाई निर्वाचित भएपछि प्राथमिकताका साथ समाधान गर्ने प्रतिवद्धता जनाए । उनले गाउँ–गाउँमा शिक्षा, स्वास्थ्य सेवा र रोजगारीलाई पहिलो प्राथमिकता दिने बताए। साथै, स्थानीय कलकारखानामा स्थानीय र सक्षम व्यक्तिहरूलाई रोजगारीमा प्राथमिकता दिइने योजनाको पनि उनले जानकारी गराए ।
सिंहले वीरगंज महानगरपालिका वडा नम्बर २० मा निर्वाचित भएर हासिल गरेको अनुभवलाई संघीय संसदसम्म पु¥याएर क्षेत्रका विकासका मुद्दाहरू सशक्त रूपमा उठाउने बताए । उनले स्थानीयस्तरमै विकासका काम अघि बढाउन र जनताको जीवनस्तर सुधार्न प्रतिबद्धता व्यक्त गरे । कार्यक्रममा उपस्थित स्थानीयवासीहरूले उम्मेदवार सिंहलाई आगामी निर्वाचनमा विजय हासिल गर्न अग्रिम शुभकामना दिएका थिए । घरदैलो कार्यक्रम उत्साहजनक रहँदै, स्थानीय समुदायमा उम्मेदवारप्रति सकारात्मक भावना र सहयोग बढिरहेको स्पष्ट देखियो ।

## सम्पादकीय

# सामाजिक सद्भावमाथिको प्रहार र राज्यको दायित्व

रौतहटमा केही दिनदेखि जारी विवादले हिंसात्मक मोड लिनु र अन्ततः प्रशासनले कफ्र्यु लगाउनुपर्ने परिस्थिति सिर्जना हुनु अत्यन्तै दुःखद र संवेदनशील पक्ष हो। बिहीबार सुरु भएको सामान्य विवादलाई शुक्रबार सुरक्षा निकाय र स्थानीय प्रशासनले सहमतिमा टुङ्ग्याएको दाबी गरे पनि शनिबार पुनः हिंसा भड्किनुले सहमतिको धरातल कति कमजोर रहेछ भन्ने स्पष्ट पारेको छ। एउटा लोकतान्त्रिक समाजमा असहमतिहरू हुन सक्छन्, तर ती असहमतिले साम्प्रदायिक हिंसाको रूप लिनु सामाजिक सहअस्तित्वका लागि ठूलो चुनौती हो।

अहिले मधेशमा दन्किएको यो अशान्तिको आगो केवल एउटा जिल्लामा मात्र सीमित नरहन सक्ने जोखिम बढेको छ। साम्प्रदायिक भावना निकै संवेदनशील हुने भएकाले यसले छिट्टै छिमेकी जिल्लाहरूमा पनि नकारात्मक प्रभाव पार्न सक्छ। यस्तो अवस्थामा राज्यले केवल बल प्रयोग गरेर भीड नियन्त्रण गर्ने मात्र नभई, भित्रभित्रै सल्किरहेको घृणा र अविश्वासलाई सम्बोधन गर्न ठोस राजनीतिक र सामाजिक पहल कदमी लिनु ढिला भइसकेको छ।

आसन्न निर्वाचनको संघारमा यस प्रकारको अशान्ति देखिनुले लोकतान्त्रिक प्रक्रियामै गम्भीर प्रश्न खडा गरिदिएको छ। यदि सुरक्षाको ग्यारेन्टी हुन सकेन र साम्प्रदायिक ध्रुवीकरण बढ्दै गयो भने निर्वाचनको निष्पक्षता र उत्साहपूर्ण जनसहभागितामा प्रत्यक्ष असर पर्ने निश्चित छ। निर्वाचन बिथोल्न चाहने वा अस्थिरताबाट राजनीतिक लाभ लिन खोज्ने तत्वहरूका लागि यस्तो माहोल 'मलिलो भुमि' बन्न सक्छ, जसप्रति निर्वाचन आयोग र सुरक्षा संयन्त्र निकै सतर्क रहनुपर्छ।

यो संकटको घडीमा स्थानीय प्रशासनको सक्रियतासँगै राजनीतिक दलका नेता, धार्मिक गुरु र नागरिक समाजको भूमिका निर्णायक हुन्छ। कफ्र्युले सडक त शान्त पार्ला, तर मानिसको मनमा उब्जिएको विभेद र आक्रोशलाई मत्थर पार्न 'सम्वाद' नै एक मात्र विकल्प हो। सामाजिक सञ्जालमार्फत फैलाइने उत्तेजक सामग्री र अफवाहले आगोमा घिउ थप्ने काम गरिरहेकाले त्यसको निगरानी र नियन्त्रणमा पनि उतिकै कठोर बन्नु आवश्यक देखिन्छ।

अन्त्यमा, रौतहटको यो घटनालाई एउटा सानो स्थानीय विवादका रूपमा मात्र हेरिनु हुँदैन। यसले हाम्रो सामाजिक बुनोटमा परिरहेको दरारलाई संकेत गरेको छ। सरकारले तत्काल सर्वपक्षीय संयन्त्र निर्माण गरी विश्वासको वातावरण बनाउनुपर्छ। अन्यथा, यो अशान्तिले समग्र मधेश र देशकै शान्ति सुरक्षालाई दीर्घकालीन रूपमा क्षति पु¥याउन सक्छ। समयमै चेत पु¥याएर सद्भाव कायम राख्नु नै अहिलेको एक मात्र सुरक्षित निकास हो।

# आगामी निर्वाचनमार्फत देश र लोकतन्त्रले जित्नुपर्छ

पूर्वप्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीले लोकतन्त्रको स्थायित्व र सुशासनका लागि हुन गइरहेको निर्वाचनको महायज्ञलाई शान्तिपूर्ण रूपमा सम्पन्न गराउने वातावरण बनाउन सबै राजनीतिक दल र उम्मेदवारलाई अपिल गरेका छन्। उनले राजनीतिक दल र उम्मेदवारबाट हुने शान्तिपूर्ण चुनावी प्रचारप्रसार र चुनावमा मतदाताको उत्साहपूर्ण सहभागिताले मात्र लोकतन्त्र फस्टाउने र मुलुकले समृद्धि हासिल गर्ने बताए।

पूर्वप्रमुख निर्वाचन आयुक्त उप्रेतीले भने, 'राजनीतिलाई स्थिरता दिन नसके पनि निर्वाचन गराउने सिलसिलामा हामी अनुभवी छौँ। विगतका चुनौतीपूर्ण अवस्थामा पनि मतदाताको उत्साहपूर्ण सहभागितामा शान्तिपूर्ण रूपमा थुप्रै निर्वाचन गरिसकेका छौँ।' उनकै नेतृत्वमा निर्वाचन आयोगले विसं २०७० मा संविधानसभाको दोस्रो निर्वाचन सम्पन्न गरेको थियोे। सोही संविधानसभाले नेपालको संविधान जारी गरेको थियो। आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका विषयमा केन्द्रित रही राष्ट्रिय समाचार समिति(रासस)का समाचारदाता नारायण न्यौपाने पूर्वप्रमुख निर्वाचन आयुक्त उप्रेतीसँग गरेको अन्तर्वार्ताको सम्पादित अंशः

**मुलुक निर्वाचनको सम्मुखमा छ, यो निर्वाचनलाई कसरी हेर्नुभएको छ?**

आवधिक निर्वाचन प्रत्येक पाँच वर्षमा हुन्छ। त्यो कुन दिन, कुन मिति, कुन महिनामा हुन्छ भन्ने विषय पनि मतदातालाई पहिल्यै थाहा हुनुपर्छ। लोकतन्त्र र राजनीतिक स्थायित्व भएका देशमा यस्तो खालको व्यवस्था छ। प्रजातन्त्रको स्थायित्वका लागि आवधिक अवधि नपुगी बीचैमा निर्वाचन गराउन पर्ने अवस्था सकेसम्म आउन दिनुहुन्न। नेपालमा जुन अवस्थाका कारण निर्वाचन घोषणा भयो, त्यो वातावरण नआएको भए विसं २०८४ मा नियमित निर्वाचन हुन्थ्यो। योबीचमा सरकारले राम्रो काम गर्न सकेन, फलस्वरुप जेन्जी आन्दोलनको बलमा बीचमै निर्वाचन गर्नुपर्ने बाध्यात्मक अवस्था सिर्जना भयो। यद्यपि, जेन्जी आन्दोलनमा निर्वाचनको माग उठेको थिएन। तत्कालीन सरकारको बहिर्गमनका सन्दर्भमा लोकतान्त्रिक प्रक्रियामा जानका लागि मध्यावधि निर्वाचन आवश्यक र अनिवार्य हुन पुग्यो। आजसम्म आइपुग्दा निर्वाचन तयारी अन्तिम चरणमा पुगेको छ। प्रजातन्त्रमा निर्वाचनको विकल्प र अर्कोे उपायको खोजी गर्न नपरोस् भन्ने सोचिन्छ। हामी लोकतान्त्रिक अभ्यासमा निकै अगाडि आइसक्यौँ। निर्वाचन गर्न र गराउने सिलसिलामा हामी अनुभवी छौँ। मतदाताको उत्साहपूर्ण सहभागितामा थुप्रै निर्वाचन गरिसकेका छौँ। तथापि, राजनीतिले स्थायित्व र सरकार स्थिर नहुँदा दुःख लाग्छ। यस पाटोमा सुधार गर्दै लैजानुपर्ने छ। जहाँसम्म यही फागुन २१ को निर्वाचनको विषय छ, यो त आइनै सक्यो। अब यसलाई शान्तपूर्ण वातावरणमा अवतरण गराउनुपर्छ। निर्वाचनलाई शान्तिपूर्ण बनाउने र विधिपूर्वक सम्पन्न गराउन मतदाताले मन परेको असल व्यक्ति र दललाई मत दिनुपर्छ। निर्वाचन परिणामका आधारमा गठन हुने सरकारले जनभावनाअनुरुप विकास र सुशासन प्रदान गर्न सक्नुपर्छ। त्यसका लागि प्रत्येक मतदाताको पनि उत्तिकै दायित्व छ। निर्वाचनमा राजनीतिक दल र उम्मेदवार विजयी तुल्याउन दर्शन र सिद्धान्तभन्दा ठूलो भूमिका मतदाताको रहन्छ, किनभने मतदाताको मतबिना निर्वाचनको अर्थ हुँदैन। मतदान शुद्ध हुनुपर्छ, मतमा स्वस्तिक चिह्न लगाउँदा यताउति हुनुभएन। विगत देखिकै प्रायः सबै निर्वाचनमा नेपाली मतदाताको उत्साहपूर्वक सहभागिता हुने गरेको छ। यस पटक पनि त्यही खालको वातावरण तयार गर्नुपर्छ। निर्वाचन आयोग, सरकार, राजनीतिक दल, उम्मेदवार र मतदाता सबै मिलेर निर्वाचनको महायज्ञको जिम्मेवारी र दायित्वलाई हामीले पूरा गर्नुपर्छ।

**निर्वाचनमा के कस्ता कुरालाई बढी चासोका साथ हेरिने गरिएको छ?**

निर्वाचनमा राजनीतिक दल र उम्मेदवारको प्रतिनिधित्वको विषयलाई नै बढी चासो राखिन्छ। त्यो भनेको जसले चुनाव जित्ने हो, उसैलाई चासो दिइन्छ। निर्वाचनमा उठेका सबै उम्मेदवारले जित्न कोसिस गरे पनि त्यसको परीक्षा र मूल्याङ्कन मतदाताले गर्छन्। सुदूरपूर्व र पश्चिमका मतदाताले आपसमा सरसल्लाह नगरे पनि सामूहिक विद्वताबाट एउटा दर्शन बोकेको राजनीतिक दल र उम्मेदवार विजयी हुनसक्दछ।

चुनावमा सबै उम्मेदवारलाई जित्ने निर्वाचन गर्न सकिन्न। जति निर्वाचन क्षेत्र र स्थान छ त्यसमा मात्र उम्मेदवारले जित्ने हो। सबै जित्ने होइन, तर नेपाल र लोकतन्त्रले जित्नैपर्छ। आगामी निर्वाचनबाट सकेसम्म विधिसम्मत रूपमा सम्पूर्ण वर्ग, क्षेत्र, समूह र लैङ्गिक प्रतिनिधित्व हुन सकोस्। निर्वाचनपछि बनेको सरकारले पूरा अवधि पाँच वर्ष सरकार चलाओस्। सदन पनि पूरा चलोस्। पाँच वर्षका लागि भनेर चुनाव गर्ने अनि विगतको जस्तो १७ वर्षमा १७ वटै सरकार ब्यहोर्नु नपरोस्।

छोटो अवधि र संयुक्त सरकारले ठीक ढङ्गले कार्य सम्पादन गर्न नसक्दा नेपाली जनताको सुशासन, विकास र समृद्धिको चाहना ओझेलमा परिरहेको छ। निरन्तर सरकार परिवर्तन भएमा राजनीतिले पनि स्थायित्व प्राप्त गर्न कठिन हुन्छ। राजनीतिक स्थायित्व नभई विकासको प्रक्रिया अगाडि बढ्न सक्दैन। यो पटक मतदाताको सामूहिक विद्वताले असल नतिजा दिलाउन सक्नुपर्छ। त्यसका लागि विश्वास लागेको पात्र र दललाई मतदान गर्नुपर्छ, जसबाट मुलुकमा स्थायी सरकार दिलाउन सकियोस्।


निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, भयरहित र निष्पक्ष गराउन कसको कस्तो भूमिका रहन्छ?

निर्वाचन खर्चिलो भयो भनिन्छ। हुन त राज्यको लागि पनि निर्वाचन खर्चिलो छ। निर्वाचन प्रक्रिया, विधि र प्रणालीका कारणले पनि निर्वाचन खर्चिलो भएको छ। राजनीतिक दल र उम्मेदवारबीच ज्ञान, विद्वता, अनुभव र दर्शनमा प्रतिस्पर्धा भए निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र मितव्ययी हुन्छ। सिद्धान्त, प्रतिबद्धता र सङ्कल्पअनुसार जान सक्ने उम्मेदवार चुन्ने कि जसरी पनि जित्ने भन्नेलाई? यो विषय महत्त्वपूर्ण छ। जसरी पनि निर्वाचन जित्ने र संसद्मा पुग्ने अनि यसलाई व्यवसाय र जागिर बनाउने मानसिकता त्याग्नुपर्छ। जनताले यो विषयलाई ध्यानपूर्वक सोच्नुपर्छ।

**पछिल्लो समय निर्वाचन पैसाले होइन, निष्ठा र सिद्धान्तले जित्नुपर्छ भन्ने मान्यता हराउँदै गएको छ भनिन्छ नि!**

निर्वाचनमा मतदाताले लोकतान्त्रिक सोच भएका, समाजसेवामा लागेका, सिद्धान्तप्रति प्रतिबद्ध र निष्ठावान उम्मेदवार पहिल्याउन सक्नुपर्छ। निर्वाचन खर्च तोकिएको सीमाभित्र रहेर गरिनुपर्छ। निर्वाचनमा अथाह खर्च गर्ने अनि कागजी प्रतिवेदनमा भने ठिक्क हिसाब देखाउने प्रवृत्ति रोक्नुपर्छ। चुनावमा बढी खर्च र तडकभडक प्रचारप्रसार गर्नेलाई अयोग्य घोषणा गर्ने अधिकार निर्वाचन आयोगलाई छ।

राजनीतिक दल र उम्मेदवारले निर्वाचन प्रचारप्रसारका क्रममा मतदातासमक्ष राखेका विषय दिगो विश्वासनीय हुनुपर्छ। प्रसारप्रसारलाई शान्तिपूर्ण ढङ्गबाट नै लैजानुपर्छ। एकअर्कालाई आरोप प्रत्यारोप गर्नहुन्न। निर्वाचलाई निष्पक्ष र शान्तिपूर्ण रूपमा सम्पन्न गर्न सुरक्षाmोाई चुस्त बनाउनुपर्छ। निर्वाचनमा मतदान गर्नु सबै मतदाताको कर्तव्यलाई बिर्सनुहुन्न। सोचेर मतदान गर्नुपर्छ। मत खेर फाल्नुहुन्न। घरको कामको चापलाई पनि समयको व्यवस्थापन गरी मतदान गर्नुपर्छ। मतदान भनेको भगवानलाई अर्चना र अर्पण गरेजस्तै देशको भविष्य र हितका लागि अमूल्य दान हो। यसमा कोही पनि छुट्नु र कसैलाई पनि छुटाउनुहुन्न। राजनीतिक दल र उम्मेदवारले पनि मतदान गर्ने विधि र प्रक्रिया ठीक ढङ्गले सिकाउन र बुझाउन जरुरी छ।



**निर्वाचन प्रचारप्रसारमा राजनीतिक दल र उम्मेदवारले के कस्ता कुरामा बढी ध्यान दिनुपर्छ?**

आवधिक निर्वाचन नौ महिना वा एक वर्ष सरकार चलाउनका लागि भएको होइन। निर्वाचनमा अब स्थायी सरकार बनाउँछु भनेर मतदाताले कसरी थाहा पाउने? त्यो सबैभन्दा ठूलो प्रश्न छ। सरकारमा जाने र पाँच वर्षसम्म निरन्तर काम गर्न नसक्ने स्थिति कसले सिर्जना गरेको हो? मतदाताले मतहाल्नुअघि विश्लेषण गर्नुपर्छ। हुन त त्यसमा केही हदसम्म राजनीतिक दल, मतदाता स्वयं र निर्वाचन प्रणालीको पनि दोष भनिन्छ। सदनमा धेरै राजनीतिक दल भए भने स्थायित्व हुन्न भन्ने मत पनि छ। यसमा मतदाताको विद्वताको परीक्षण पनि हुन्छ। उहाँहरूको विद्वताले कसको सरकार गठन हुने र विकासको मार्ग कसरी अगाडि बढ्छ भन्ने निर्धारण गर्छ। निर्वाचनपछि गठन हुने सरकारले सम्पूर्ण देशको क्षमता र अवस्थाका आधारमा सुझबुझपूर्ण ढङ्गले मुलुकलाई समृद्धितर्फ लैजान सक्नुपर्छ।

**मुलुक निर्वाचनमय भएको छ, यसबेला सरकार र आयोगको भूमिका कस्तो रहन्छ?**

सरकारले निर्वाचन आयोगलाई निर्वाचन प्रक्रियाका लागि आवश्यक पर्ने सबै खालको स्रोतसाधन र शान्ति सुरक्षाका हिसाबले राजनीतिक दल, उम्मेदवार र मतदातालाई निर्वाचनमा ढुक्कसँग भाग लिने वातावरण मिलाउनुपर्छ।

सरकारले मुलुकको समग्र सुरक्षा अवस्थाको मूल्याङ्कन गरी कुन निर्वाचन क्षेत्र, कुन ठाउँ र कुन मतदान केन्द्रमा सुरक्षा चुनौती छ, त्यसको विश्लेषण गरी आवश्यक प्रबन्ध मिलाउनुपर्छ।

हामी निर्वाचनमा अनुभवी छौँ। चुनावी प्रचारप्रसारदेखि मतदान, मतपेटिका ढुवानी, मतगणना र विजय जुलुस निस्कने बेलासम्मको सुरक्षा व्यवस्था चुस्त हुनुपर्छ। त्यसका लागि प्रत्यक्ष सरोकार भएका पक्ष राजनीतिक दल र उम्मेदवारले आवश्यक वातावरण बनाउन सहयोग पु¥याउनुपर्छ।

**निर्वाचनमा प्रचारप्रसारको समयमा राजनीतिक दल र उम्मेदवारले अपनाउनुपर्ने सजगताबारे के भन्नुहुन्छ?**

यस पटक यही फागुन ४ देखि १८ गतेसम्मका लागि निर्वाचन प्रचारप्रसारको समय तोकिएको छ। यस अवधिमा के के गर्न पाइन्छ, के गर्नुहुन्छ, के गर्नुहुँदैन भन्ने विषयमा निर्वाचन आचारसंहितामा स्पष्ट लेखिएको छ। निर्वाचनमा सबै राजनीतिक दल र उम्मेदवारले भद्र ढङ्गबाट चुनाव प्रचारप्रसार गर्न पाउनुपर्छ। आफ्नो पक्षमा चुनाव प्रचारप्रसार गर्दा अर्कोे पक्षको विरोध गर्न पाइन्न। हाल निर्वाचन प्रचारप्रसारको सन्दर्भमा प्रविधिको प्रयोगको अभ्यास बढेको छ। अर्कोे पक्षलाई आरोपप्रत्यारोप मात्र होइन, द्वेष र घृणा फैलाउने तथा अनर्गल प्रचार गर्नुहुन्न। आफ्ना राम्रा पक्ष र उद्देश्य मात्र प्रचारप्रसार गरिनुपर्छ। यसका लागि मतदाता शिक्षा र चुनाव प्रसारप्रसारको माध्यम सामाजिक सञ्जाल अत्यन्त प्रभावकारी देखिएको छ।

निर्वाचनमा मौन अवधिलाई अलि पेचिलो र विशेष रूपमा किन हेरिन्छ?

चुनावी प्रचारप्रसार जताततै भइरहेको छ। कतिपय स्थानमा एकअर्का दलका उम्मेदवार आपसमा अङ्कमाल गर्दै भोट मागिरहेको पनि देखिन्छ। यो असल पक्ष हो। निर्वाचन प्रचारप्रसारको अन्त्यतिर वातावरणलाई शान्त तुल्याउन र मतदातालाई कुन उम्मेदवारलाई मत प्रदान गर्न ठीक होला भनी सोच विचार गर्नका लागि मौन अवधिको व्यवस्था गरिएको हो। जोडतोडमा भइरहेको प्रचारप्रसार सकेर निर्वाचनको ठूलो महायज्ञको वातावरण बनाउन मौन अवधिको अत्यन्त महत्त्व छ। त्यो समयमा राजनीतिक दल र उम्मेदवारले निर्वाचन आचारसंहिताविपरीत कुनै पनि कार्य गर्नहुन्न। शान्तपूर्वक बस्नपर्छ। मतदातालाई प्रभाव पार्ने ढङ्गबाट कुनै पनि कुरा गर्न पाइन्न। निर्वाचनको पवित्रतामाथि आक्षेप र प्रभाव पार्ने कुनै कार्य गरिनुहुन्न।

**अन्त्यमा मतदातालाई यहाँको केही सन्देश छ?**

लोकतन्त्र बचाउने जिम्मेवारी मतदाता, राजनीतिक दल र उम्मेदवारको हो। हामीले नै लोकतन्त्रलाई स्थिर र स्थायी बनाउनुपर्छ। मतदाताको विद्वता र विचारका आधारमा असल उम्मेदवार छनोट गर्न सक्नुपर्छ। दर्शनमा फरक भए पनि मतदान शुद्ध र स्वच्छ भावनाले हुनुपर्छ। तोकिएको समयावधिभित्र मतदान केन्द्रमा पुगी मतखेर नजाने ढङ्गबाट मतदान गर्नुपर्छ। रासस

००००

## चुनावी घोषणापत्रमा शिक्षा:

# लगानी वृद्धि र नयाँ शिक्षा ऐन प्राथमिकतामा

प्रकाश सिलवाल/रासस

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि अधिकांश दलहरूले विगतमा झैँ सार्वजनिक शिक्षाको सुधार र शिक्षामा लगानी वृद्धि लगायतका विषयलाई मुद्दा अघि सारेका छन्।

विघटित प्रतिनिधिसभामा रहेका प्रमुख दल र अन्य दलले गुणस्तरीय, निःशुक तथा समावेशी शिक्षामा प्राथमिकता दिएका छन्। नेपालको संविधानको धारा ३१ मा उल्लेखित 'प्रत्येक नागरिकलाई आधारभूत तहसम्म अनिवार्य र माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक'लाई ती दलले घोषणापत्रमा समेटेका छन्। तर विगतमा पनि यस्ता प्रतिबद्धता आउने गरेकामा किन पूरा भएनन् र अब कसरी पूरा गर्ने भन्नेमा दलहरु स्पष्ट देखिएका छैनन्।

सरकारी तथ्याङ्कअनुसार ५ देखि १७ वर्ष उमेर समूहका १० प्रतिशत (करिब आठ लाख) बालबालिका अझै विद्यालयको पहुँचभन्दा बाहिर छन्। तीमध्ये साढे तीन लाख बालबालिका विद्यालय भर्नामा आएका छैनन्। बाँकीले बीचमै कक्षा छाड्ने गरेका छन्। 'अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५' ले २०८५ को वैशाखसम्म कक्षा ८ पूरा नगरेको व्यक्तिलाई सरकारी नियुक्ति, सुविधाल गायतबाट वञ्चित गर्ने व्यवस्था गरेको अवस्थामा दलहरुले मतदातासँग निःशुल्क शिक्षा दिने वाचा दोहो¥याएका छन्।

यसपटकको निर्वाचनका लागि नेपाली कांग्रेसले सार्वजनिक गरेको प्रतिज्ञापत्रमा प्रतिनिधिसभाको अबको एक वर्षभित्र नयाँ विद्यालय शिक्षा ऐन पारित गर्ने उल्लेख गरेको छ।

शिक्षक सङ्घ, सङ्गठन, निजी विद्यालय र राजनीति दलबीचको खिचातानी र पर्याप्त स्रोतका कारण विघटित संसद्मा विद्यालय शिक्षा लामो समयदेखि विचाराधीन रहेको थियो। कांग्रेसले विद्यालय शिक्षा (गुणस्तर तथा नियमन) ऐन सरोकारवालाहरूको परामर्शमा, कुनै पनि स्वार्थ समूहको दबाबमुक्त भई सबै जायज र उपयुक्त विषयलाई समेटेर विद्यार्थीको सिकाइ र गुणस्तरलाई केन्द्रमा राखी एक वर्षभित्र नयाँ शिक्षा ऐन पारित गर्ने वाचा गरेको छ। सो पार्टीले बालिका शिक्षालाई प्राथमिकता दिने र शिक्षण पेसालाई सम्मानजनक बनाउने भनेको छ।

यस्तै, शिक्षामा कूल बजेटको २० प्रतिशत राज्यको लगानी सुनिश्चित, नमुना विद्यालयको विस्तार, पाठ्यक्रम परिमार्जन, पठन संस्कृतिको विकास, समावेशी र न्यायपूर्ण शिक्षाको पहुँच, मातृभाषा शिक्षा, प्रविधिमैत्री, प्राविधिक तथा व्यावसायिक शिक्षा, राष्ट्रिय आजीवन सिकाइका विषयलाई सो पार्टीले प्रतिज्ञापत्रमा समावेश गरेको छ। कांग्रेस र राष्ट्रिय स्वतन्त्र पार्टीले विश्वविद्यालयमा प्रधानमन्त्री, मन्त्री कुलपति र सहकुलपतिको व्यवस्था हटाउने भनेको भने भने नेपाली कम्युनिष्ट पार्टी (एमाले) ले प्राज्ञिक स्वायत्तता हुनुपर्नेमा जोड दिएको छ।

नेपाली कम्युनिष्ट पार्टी (एमाले) ले प्राविधिक उच्च शिक्षाका लागि विद्यार्थीलाई २० लाख निर्व्याजी ऋण, पारिश्रमिकसहित इन्टर्नशीपको व्यवस्था शिक्षा र अनुभवको ग्यारेन्टीजस्ता विषयलाई घोषणापत्रमा राखेको छ। सरकारी सेवा, निजी क्षेत्र र अध्यापन क्षेत्रमा न्यूनतम पारिश्रमिकसहितको व्यवस्था गर्नै पनि एमालेको सङ्कल्प रहेको छ।

पार्टीले सबै विद्यालयका किशोरीलाई निःशुल्क प्याड र कक्षा १० सम्मका विद्यार्थीलाई दिवा खाजाको प्रबन्ध गर्ने वाचा गरेको छ। एमालेले भनेको छ, 'मुलुकमा आर्थिक, भौगोलिक वा शारीरिक अवस्थाका कारण कोही पनि बालबालिका विद्यालय शिक्षाबाट र किशोरकिशोरी प्राविधिक वा उच्च शिक्षाबाट वञ्चित हुने अवस्था हामी अन्त्य गर्नेछौँ।'

यसैगरी शिक्षा प्रणालीलाई भर्ना र परीक्षाकेन्द्रित मात्र नराखी राष्ट्रप्रेम, उद्यमशीलता, सामाजिक उत्तरदायित्व, नवप्रवर्तनशील सोच र राष्ट्रिय क्षमता अभिवृद्धिमा योगदान गर्नसक्ने जनशक्ति निर्माणतर्फ उन्मुख गराउने एमालेले योजना अघि सारेको छ। उसले उच्च शिक्षामा अनुसन्धान तथा विकासमा राज्यको लगानी बढाई विश्वविद्यालय–उद्योग सहकार्य विस्तार गर्ने, उच्च योग्यताका उत्कृष्ट जनशक्तिलाई शिक्षण पेसामा आकर्षित गर्ने नीति ल्याउने कुरा घोषणापत्रमा राखेको छ।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले संसद्को पहिलो बैठकबाटै संकल्प प्रस्तावका माध्यमबाट विद्यालय शिक्षा ऐन पारित गर्ने विषयलाई महत्व दिएको छ।

पार्टीले विश्वविद्यालय अनुदान आयोग र चिकित्सा शिक्षा आयोगलाई एकीकृत गरी पूर्ण स्वायत्त र राजनीतिक हस्तक्षेपमुक्त गरी उच्च शिक्षा आयोग गठन गर्ने घोषणा गरेको छ।

एक पालिका एक नमुना स्मार्ट आवासीय विद्यालय, प्राविधिमैत्री शिक्षा र डिजिटल साक्षरताका विषयलाई सो पार्टीले प्राथमिकता दिएको छ। माध्यमिक तहसम्मको पाठ्यक्रम तथा जनशक्ति व्यवस्थापन सङ्घीय सरकारअन्तर्गत रहने र विद्यालयको भौतिक पूर्वाधार तथा सञ्चालन स्थानीय सरकारले गर्ने व्यवस्था मिलाइने सो पार्टीको प्राथमिकता रहेको छ।

राष्ट्रिय स्वतन्त्र पार्टीले विश्वविद्यालयका कुलपति र सहकुलपतिमा प्रधानमन्त्री र शिक्षामन्त्रीको व्यवस्था हटाउने तथा शिक्षक, प्राध्यापकको राजनीतिक आबद्धतालाई पूर्णतः निषेध गर्ने भनेको छ। विश्वविद्यालयलाई पुनःसंरचना गरी अनुसन्धानमुखी र रोजगारउन्मुख बनाउने नीति लिएको रास्वपाले नेपालमा विदेशी विश्वविद्यालयको आङ्गिक क्याम्पस र विदेशी डिग्री कार्यक्रम सञ्चालन गर्न सरल प्रक्रिया बनाउने घोषणा गरेको छ।

विश्वविद्यालय र विद्यालयमा दलीय राजनीतिक गतिविधिको अखडा हुनबाट मुक्त गर्ने, सार्वजनिक शिक्षाको गुणस्तर, पहुँच र पेसागत विकास र स्पष्ट जवाफदेहीतामा आधारित प्रणाली लागू गर्ने, उच्च शिक्षालाई प्रतिस्पर्धी, अनुसन्धानमुखी तथा रोजगार उन्मुख बनाउन विश्वविद्यालयको पुनःसंरचना गर्ने, नेपाललाई अन्तरराष्ट्रिय शिक्षाको केन्द्र बनाउने रास्वपाको प्रतिबद्धता रहेको छ।

यस्तै, राष्ट्रिय जनमोर्चाले सङ्घीयतामा खर्च भइरहेको अनावश्यक रकममा कटौती गरी शिक्ष निःशुल्क गरिनुपर्ने उल्लेख गरेको छ। स्वास्थ्य जस्तै राज्यले प्रदान गर्ने शिक्षा जीवनोपयोगी र रोजगारमूलक तथा शिक्षाको निजीकरण र व्यापारीकरण बन्द गरिनुपर्ने भनेको छ।

नेपाल शिक्षक महासङ्घका अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले आफूहरुले जुन ढङ्गले शिक्षामा मुद्दा आओस् भनेका थियौँ, त्यसरुपमा आएको नआएको प्रतिक्रिया दिनुभयो। 'समय सुहाउँदो विश्वस्तरीय प्राविधिक शिक्षाका लागि लगानी बढाउने, विगतको सहमतिका आधारमा विद्यालय शिक्षा ऐन पारित गर्ने र शिक्षक पेसालाई आकर्षित र सम्मानित बनाउने हाम्रा मुद्दामा मूर्त रुपमा प्रतिबद्धता आएको छैन,' अध्यक्ष सुवेदीले भन्नुभयो।

सार्वजनिक शिक्षाको सुधारका लागि नागरिक क्षेत्रबाट कार्यरत संस्था शिक्षाका लागि राष्ट्रिय अभियान (एनसिइ)नेपालका अध्यक्ष लवराज ओली शिक्षामा कुल बजेटको २० प्रतिशत लगानी गर्ने र विद्यालय शिक्षा ऐन ल्याउने कुरा विगतदेखि उठ्दै आएकामा अहिले घोषणापत्रमा ल्याइनु सकारात्मक भएको बताउनुभयो। अध्यक्ष ओलीले अहिलेको आवश्कता सीपमूलक शिक्षा र शिक्षक व्यवस्थापन हो भन्दै विद्यालय सञ्चालनमा सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्रजस्ता विषयमा अझै स्पष्टता आउनुपर्नेमा जोड दिनुभयो।

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ।

# आफ्नो पक्षमा मत पार्न पृथक प्रचार शैली अपनाउँदै प्रत्याशी



**काठमाडौँ ।**
प्रतिनिधि सभा सदस्य निर्वाचनको मिति नजिकिएसँगै चुनावी प्रतिस्पर्धामा होमिएका उम्मेदवार पनि प्रचारप्रसारमा व्यस्त छन् । मत आफ्नो पक्षमा पार्न उनीहरू सबै आ–आफ्ना निर्वाचन क्षेत्रमा पुगेका छन् ।

यसले गाउँघरमा चुनावी चहलपहल बढेको छ । उम्मेदवारका प्रचार शैली पनि पृथक छन् । प्रत्यक्ष भेट वा चिनजान नै नभएका केही प्रत्याशी मतदाताका खेतबारी जोत्न, मल बोक्न, सागसब्जी केलाउनेदेखि बिरामी बोक्नेसम्मका काममा सक्रिय भएका तस्बिर र भिडियो सामाजिक सञ्जालमा छरपस्ट भएका छन् ।

उम्मेदवारहरुले आआफ्नो परिचय दिने क्रममा पहिले पनि भेटेको, ‘फलाना’को नाताको मान्छे हुँ भनेर मत मागिरहेको सामाजिक सञ्जालमा हामी सबैले देखेका छौँ । प्रत्याशीहरूले मुलुकको राजनीतिक अवस्था र आगामी मार्गचित्रबारे जनतालाई बुझाउँदै निर्वाचित आफू निर्वाचित भएमा मतदाताका अपेक्षा पूरा गर्ने प्रतिबद्धता व्यक्त गरिरहेका छन् ।

नेपाली काँग्रेसका सभापति गगनकुमार थापा, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओली, नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल ‘प्रचण्ड’ र राष्ट्रिय स्वतन्त्र पार्टीका वरिष्ठ नेता बालेन्द्र शाहलगायत उम्मेदवारले मतदाताको विश्वास जित्न अपनाएको फरक शैली र अभिव्यक्तिलाई धेरै राजनीतिक विश्लेषकहरूले बहसको विषय बनाएका छन् ।

पूर्वपत्रकार ऋषि धमला, पूर्वमन्त्री महावीर पुन, एमाले नेता सूर्यबहादुर थापा, श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राई, राप्रपाका ज्ञानबहादुर शाहीलगायत उम्मेदवार फरक शैलीको प्रचारका कारण चर्चामा छन् । कतिपय उम्मेदवार मतदातासँग साक्षात्कारमा छन् भने केही उम्मेदवारले सामाजिक सञ्जाललाई प्रचारको मुख्य माध्यम बनाएका छन् ।


विसं २०७९ को निर्वाचनबाट प्रमुख दलका रुपमा उदाएका नेपाली काँग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिष्ट पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीले देशका विभिन्न स्थानमा आमसभा गरिरहेका छन् । पत्रकार राजेन्द्र दाहाल प्रविधिका कारण उम्मेदवारहरु मतदातामाझ सहजै पुगिरहेका बताउछन् । “समाजको प्रवृत्तिलाई प्रविधिले विस्तार गरिदिएको मात्रै हो । लक्ष्य उही हो, मतदाताको भोट संकलन गर्ने”, उनी भन्छन् ।

यही फागुन २१ गते १६५ स्थानका लागि हुने निर्वाचनमा तीन हजार ४०६ उम्मेदवार प्रत्याशी भएका छन् । यो निर्वाचनमा एक करोड ८९ लाख तीन हजार ६८९ मतदाताले भोट हाल्ने अपेक्षा निर्वाचन आयोगले गरेको छ । यसका लागि १० हजार ९६७ मतदानस्थल र २३ हजार ११२ मतदान केन्द्र निर्धारण भएका छन् ।

पूर्वप्रशासक देवकुमारी गुरागाईं सभ्य ढङ्गले प्रचार गर्नुपर्नेमा जोड दिन्छन् । लोकप्रिय हुने नाममा अहिले अपनाइएका प्रचारका शैली परिपक्वताको कमी देखिएको समाजले महसुस गरिरहेको छ , उनी भन्छन्, सरल, शान्त र कूटनीतिक शैलीबाट मतदाताको विश्वास जित्न सकिन्छ । आमनिर्वाचन पर्यवेक्षण समिति (जियोक)का महासचिव कृष्णमान प्रधान प्रचार र शैली मतदातालाई स्वच्छ मतदानका लागि नभई ‘अल्मल्याउने’ खालको भएको टिप्पणी गर्छन । मतदातालाई अन्योलमा पार्न हुँदैन, उम्मेदवारले मतदातालाई आफ्नो मार्गचित्र देखाउन सक्नुपर्छ, उनी भन्छन् । रासस

# राजनीतिक दलका चुनावी घोषणापत्र निःशुल्क स्वास्थ्यमा जोड

**काठमाडौँ ।**
आसन्न प्रतिनिधिसभाको निर्वाचनमा राजनीतिक दलले जनताको स्वास्थ्य सेवालाई मुख्य एजेण्डा बनाएका छन् । राजनीतिक दलले जारी गरेका घोषणापत्रमा मुख्यतः नागरिकको स्वास्थ्य उपचार निःशुल्क बनाउनेमा जोड दिएका हुन् ।




नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले जारी गरेको घोषणापत्रमा सबै विद्यालयका किशोरीलाई निःशुल्क ‘प्याड’ उपलब्ध उल्लेख गरेको छ । साथै स्वास्थ्य स्वयंसेविकालाई रु २० हजार भत्ता र सामाजिक सुरक्षासमेत उपलब्ध गराउने उल्लेख छ ।

एमालेद्वारा सुत्केरी महिला भत्ता २० हजार र पाँच लाखसम्मको निःशुल्क जीवन बिमा उपलब्ध गराउने घोषणापत्रमा उल्लेख गरिएको छ ।

सबै तहमा अस्पतालको पूर्वाधार निर्माण, आधुनिक उपकरणको व्यवस्था, सेवाको गुणस्तर निर्धारण तथा जनशक्ति व्यवस्थापन गरी विश्वस्तरीय स्वास्थ्य सेवा स्वदेशमा उपलब्ध गराउने घोषणापत्रमा उल्लेख छ ।

एमालेले प्राथमिक स्वास्थ्य सेवा केन्द्रमा कम्तिमा एक जना ‘जनरल प्राक्टिस एण्ड इमर्जेन्सी मेडिसिन’ (एमडीजिपी) चिकित्सक, नर्स, प्रयोगशाला र फार्मेसी सेवा उपलब्ध गराउने उल्लेख गरेको छ । जिल्ला अस्पतालको स्तरोन्नति गरी न्यूनतम सेवा उपलब्ध गराउने र प्रदेशस्तरमा प्रभावकारी ‘रिफरल’ प्रणालीको व्यवस्था गर्ने उल्लेख छ ।

त्यस्तै नेपाली कांग्रेसले जारी गरेको ‘प्रतिज्ञापत्र’मा स्वास्थ्य उपचारमा नागरिकले खल्तिबाट पैसा तिर्नुपर्ने अवस्थाको अन्त्य गर्ने र निःशुल्क तथा गुणस्तरीय स्वास्थ्य सेवा पु¥याउने उल्लेख गरेको छ । साथै प्रतिज्ञापत्रमा सबै तहका सरकारले कूल बजेटको स्वास्थ्य क्षेत्रमा १० प्रतिशत छुट्टाउनुपर्ने व्यवस्था कार्यान्वयन गरिने उल्लेख गरेको छ ।

कांग्रेसले सबै उपचार स्वास्थ्य बिमाबाट गरिने उल्लेख गर्दै स्वास्थ्य बिमाका लागि आम्दानी नहुनेले प्रिमियम तिर्न राज्यले व्यहोर्ने प्रतिज्ञापत्रमा उल्लेख गरेको छ ।

सबै स्थानीय तहबाट प्रथम सेवा विन्दु सञ्चालन गर्ने, तीन वर्षमुनिका बालबालिका र ७३ वर्षमाथिका ज्येष्ठ नागरिकलाई निःशुल्क उपचारको व्यवस्था गर्नेलगायत स्वास्थ्यसम्बन्धी विषय प्रतिज्ञापत्रमा उल्लेख गरिएको छ ।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा) जारी गरेको ‘प्रतिवद्धतापत्र’ मा २०८८ सम्म सतप्रतिशतलाई स्वास्थ्य बिमामा आबद्ध गर्ने उल्लेख छ । साथै स्वास्थ्य खर्च हाल करिब ५४ प्रतिशत रहेको अवस्थालाई २०८८ सम्म ३५ प्रतिशतभन्दा कममा झार्ने लक्ष्य राखिएको छ । हरेक वडा, समुदाय र विद्यालयमा ‘मिडलेभल’ ( मध्यमस्तर) स्वास्थ्य टोली परिचालन गरिने घोषणापत्रमा उल्लेख गरिएको छ । ती टोलीमार्फत नियमित स्वास्थ्य जाँच, जीवनशैली परामर्श तथा रोग रोकथामसम्बन्धी सेवा प्रदान गरिने जनाइएको छ ।

साथै सरकारी अस्पतालमा बहिरङ्ग सेवा (ओपिडी) वर्षभरि बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म दुई सिफ्टमा सञ्चालन गरिने र स्वास्थ्य चौकीमा पनि ३६५ दिन सेवा विस्तार गरिने उल्लेख छ ।

प्रतिबद्धतापत्रमा वैदेशिक रोजगारीमा जाने युवाको स्वास्थ्य परीक्षण निःशुल्क गरिने उल्लेख छ । नेकपाले औषधि खरिदमा हुने अनियमितता अन्त्य गर्न केन्द्रीय फ्रेमवर्क सम्झौता तथा सरकारी सरकारी खरिद प्रणाली लागू गरिने उल्लेख गरेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले सार्वजनिक गरेको ‘वाचापत्र’ मा स्वास्थ्यसँग सम्बन्धित सबै सामाजिक सुरक्षाका कार्यक्रमलाई एकद्वार प्रणालीमा लैजाने उल्लेख छ ।

वाचापत्रमा क्यान्सरलगायत नसर्ने रोगलाई उपचारभन्दा पनि रोकथाममुखी रणनीति अवलम्बन गर्ने, जलन पीडितको निःशुल्क र गुणस्तरीय उपचार सुनिश्चित गर्न जलन उपचार कोष स्थापना र एक विश्वस्तरीय विशेष जलन अस्पताल निर्माण गर्ने उल्लेख छ ।

मानसिक स्वास्थ्य सेवालाई नागरिकको सहज पहुँचमा पुऱ्याउन छुट्टै अधिकार सम्पन्न महाशाखा स्थापना गर्ने, प्रथामिक स्वास्थ्य सेवा प्रवाहमा मानसिक प्राथमिक उपचार सबै जिल्ला अस्पतालमा विशेष चिकित्सकको व्यवस्थासहित २४सैँ घण्टा सञ्चालन हुने हेल्पलाइनमार्फत सेवा प्रवा गर्ने उल्लेख छ । योग र ध्यान कार्यक्रम सञ्चालन गर्ने र वैज्ञानिक अध्ययनमा आधारमा वैकल्पिक उपचार पद्दतिलाई संस्थागत रूपमा सञ्चालन गर्ने वाचापत्रमा उल्लेख गरिएको छ । रासस

# निष्पक्ष र शान्तिपूर्ण निर्वाचन गराउन प्रमको निर्देशन

**रुपन्देही ।**
प्रधानमन्त्री सुशीला कार्कीले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचन निष्पक्ष र शान्तिपूर्ण रुपमा सम्पन्न गर्नेगरी तयारीका साथ काम गर्न निर्देशन दिएकी छन् ।



निर्वाचन तयारी सन्दर्भमा शनिबार लुम्बिनी प्रदेशको अवस्थाका बारेमा जानकारी लिन आयोजित प्रदेशस्तरीय सुरक्षा बैठकमा निर्देशन दिँदै प्रधानमन्त्री कार्कीले निर्वाचन निष्पक्ष र शान्तिपूर्ण रुपमा सम्पन्न गर्नु सबैको जिम्मेवारी भएकाले यसमा सबै जिम्मेवार बन्न निर्देशन दिएको बैठक पछि लुम्बिनी प्रदेश सरकारका प्रमुख सचिव कृष्णप्रसाद काप्रीले जानकारी गराए ।

प्रधानमन्त्री कार्कीसहितले आज बिहान मध्यपश्चिम पृतना हेडक्वाटर बुटवलमा आयोजित प्रदेशस्तरीय एकीकृत सुरक्षा बैठकमा समग्र प्रदेशको निर्वाचनको तयारी र सुरक्षा अवस्थाबारे जानकारी लिएको प्रदेश सरकारका प्रमुख सचिव काप्रीले जानकारी दिए । जिल्लास्थित सुरक्षा समितिले जिल्लाको चुनौतीका अवस्था पहिचान गरेर त्यसैअनुरुपको सुरक्षा रणनीति बनाएर अघि बढ्न प्रधानमन्त्रीबाट निर्देशन भएको प्रदेश सरकारका प्रमुख सचिव काप्रीले जानकारी दिए ।

जिल्लागत रुपमा मतदानस्थललाई चुनौती पहिचान गरी तिनलाई वर्गीकरण गरेर नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलसहितको एकीकृत सुरक्षा योजनाअनुरुप अघि बढ्न निर्देशन दिएको प्रमुख सचिव काप्रीले बताए । प्रदेशका १२ वटै जिल्लामा तयारी, प्रदेशमा गठन भएको निर्वाचन कमाण्ड सेलसँग संवाद गरेर निर्वाचन निष्पक्ष र शान्ति पूर्ण रुपमा सम्पन्न गर्न १२ वटै जिल्लामा जिल्ला सुरक्षा समितिले योजना बनाएका विषयमा प्रधानमन्त्रीसमक्ष जानकारी गराइएको प्रमुख सचिव काप्रीले जानकारी गराए । बैठकमा नेपाली सेनाका पृतनापति हिम्मतबहादुर विष्ट, नेपाल प्रहरीका प्रदेश प्रमुख, प्रहरी नायव महानिरीक्षक भूपेन्द्रबहादुर खत्री, सशस्त्र प्रहरी बलका अतिरिक्त प्रहरी महानिरीक्षकलगायत बैठकमा सहभागि विभिन्न जिल्लाका प्रमुख जिल्ला अधिकारीले जानकारी गराएका थिए । रासस

# काठमाडौँ र मकवानपुरको मतदानस्थलको अनुगमन

**काठमाडौँ ।**
गृहमन्त्री ओमप्रकाश अर्यालले फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा सम्पन्न हुने बताएका छन् ।



शनिबार काठमाडौँ र मकवानपुरको विभिन्न मतदान केन्द्रको स्थलगत निरीक्षण तथा अनुगमनको क्रममा गृहमन्त्री अर्यालले निर्वाचनलाई शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि सबै पक्षको सहयोग रहने विश्वास व्यक्त गर्नुका साथै निर्वाचनलाई शान्तिपूर्ण वातावरणमा सफल बनाउन आम नागरिकको सक्रियता जरुरी रहेको उल्लेख गरेका छन् । सरकारको प्रवक्तासमेत रहनुभएका गृहमन्त्री अर्यालले सामाजिक सञ्जालमा चलाइने गलत, मिथ्या र दुष्प्रचारका सूचना तथा खबरबाट सचेत भएर आ–आफ्नो निर्वाचन क्षेत्रको तयारीमा जुट्न सम्बन्धित सबै पक्षमा अनुरोध गरेका छन।

निर्वाचनको तयारी र सुरक्षा व्यवस्थापनसम्बन्धी विषयमा गृहमन्त्री अर्यालसँगै गृह सचिव राजकुमार श्रेष्ठ, सुरक्षा समन्वय महाशाखा प्रमुख सहसचिव एवं प्रवक्ता आनन्द काफ्ले, काठमाडौँका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेल, काठमाडौँ प्रहरी प्रमुख (एसएसपी) रमेश थापालगायत उच्च पदाधिकारी सहभागी भएका थिए ।

मन्त्री अर्यालसहितको टोलीले दक्षिणकाली नगरपालिका–९ फर्पिङस्थित सेतीदेवी माविको मतदान केन्द्रको स्थलगत निरीक्षण गरेको हो । साथै, गृहमन्त्री अर्यालले कीर्तिपुरस्थित सशस्त्र प्रहरीबल नेपाल दङ्गा नियन्त्रण रेजिमेन्ट गणको अनुगमन र निर्देशनसहित जिल्लाको समग्र सुरक्षा व्यवस्थापनको जानकारी लिएको थियो ।

यस्तै, गृहमन्त्री अर्यालले मकवानपुरको इन्द्रसरोवर गाउँपालिका–१८ को मतदान केन्द्रको अनुगनम गरेका छन् । सो क्रममा मकवानपुर जिल्लाका जिल्ला सुरक्षा समितिका पदाधिकारीसहित गाउँपालिकाका अध्यक्ष देवकृष्ण पुडासैनीसहितको उपस्थितिमा अनुगमन तथा निर्वाचन सुरक्षासम्बन्धी विषयमा छलफल भएको थियो । त्यसैगरी मन्त्री अर्यालसहितको टोलीले इन्द्रसरोवर नगरपालिकाको चौकी निरीक्षण गरी जिल्लाको सुरक्षा अवस्थाबारे जानकारी लिएको थियो । काठमाडौँ र मकवानपुर जिल्लाका जिल्ला सुरक्षा प्रमुखसहितको संयुक्त टोलीले स्थलगत अनुगमन तथा निरीक्षण गरेका थिए । दुबै जिल्लाका सीमा आसपासका क्षेत्रको सुरक्षा, मतदान केन्द्रलगायत सुरक्षाकर्मीको परिचालन गरिरहेको ब्रिफिङ लिनुका साथै सुरक्षा व्यवस्थापन र परिचालनसम्बन्धी आवश्यक निर्देशन दिएका छन् । रासस

# वैदेशिक व्यापारका सात महिनाः नौ खर्ब पचास अर्ब घाटा

**काठमाडौँ ।**
चालु आर्थिक वर्षको प्रथम सात महिनामा रु १२ खर्ब ९१ अर्ब ६३ करोड २० लाख बराबरको वैदेशिक व्यापार भएको छ । भन्सार विभागका अनुसार समीक्षा अवधिमा रु ११ खर्ब २३ अर्ब ४८ करोड ६२ लाखको आयात र रु एक खर्ब ६८ अर्ब १४ करोड ५८ लाख बराबरको निर्यात भएको छ । यो अवधिमा मुलुकले रु नौ खर्ब ५५ अर्ब ३४ करोड तीन लाख घाटा बेहोरेको छ ।

भारतसँग बितेका सात महिनामा रु छ खर्ब २९ अर्ब २९ करोड ५९ लाखको आयात र रु एक खर्ब ३७ अर्ब ५१ करोड ७४ लाखको निर्यात हुँदा मुलुकले रु चार खर्ब ९१ अर्ब ७७ करोड ५१ लाख बराबरको व्यापार घाटा बेहोरेको छ । चीनसँग रु दुई खर्ब ३५ अर्ब ३८ करोड २३ लाखको आयात र रु ९० करोड एक लाख बराबरको निर्यात हुँदा रु दुई खर्ब ३४ अर्ब ४८ करोड २२ लाख बराबरको घाटा भएको छ । विभागले सार्वजनिक गरेको विवरणअनुसार अर्जेन्टिनासँग रु ६६ अर्ब ११ करोड ६६ लाख, संयुक्त अरब इमिरेट्ससँग रु ३९ अर्ब ७७ करोड ९८ लाख, इन्डोनेसियासँग रु १२ अर्ब ६४ करोड ४५ लाख बराबरको व्यापार घाटा देखिन्छ ।

व्यापार नाफा बढी रहेका मुलुकमा भने रोमानियासँग यो अवधिमा रु पाँच करोड ५२ लाख, नर्वेसँग रु तीन करोड ३३ लाख र आइसल्याण्डसँग रु दुई करोड ५७ लाख बराबरको व्यापार नाफा देखिन्छ । पेट्रोलियम पदार्थको आयात सबैभन्दा बढी छ । यो अवधिमा रु ६९ अर्ब ९१ करोड २२ लाखको डिजेल, रु ३८ अर्ब १३ करोड ८६ लाखको पेट्रोल र रु ३१ अर्ब ८५ करोड नौ लाख बराबरको खाना पकाउने ग्यास आयात भएको छ । यसैगरी, रु ३१ अर्ब नौ करोड १२ लाख बराबरको फलाम तथा फलामजन्य वस्तु, रु २१ अर्ब ३२ करोड ६१ लाख बराबरको स्मार्टफोन, रु ५९ अर्ब १३ करोड ८२ लाख बराबरको कच्चा सोयाबिन तेल, रु २१ अर्ब २० करोड बराबरको सुन आयात भएको छ । बढी निर्यात भएका वस्तुमा सोयाबिन तेल रु ६६ अर्ब ७८ करोड ८७ लाख बराबरको निर्यात भएको छ । अलैँची रु आठ अर्ब ६१ करोड २० लाख, सूर्यमुखी तेल रु पाँच अर्ब ७८ करोड, कार्पेट रु पाँच ७१ करोड ८८ लाख ६९ हजार बराबरको निर्यात भएको विभागको तथ्याङ्क छ । रासस

# किसान दूध उत्पादनतर्फ आकर्षित



**तनहुँ ।**
व्यास नगरपालिका–१३ बेलबासका पशुपालन गर्दै आएका किसानले सुक्खा मौसमा पनि दूध उत्पादनमा वृद्धि गरेका छन् । दुधबाट राम्रै आम्दानी हुने देखेपछि यहाँका किसानले उत्साहित भएर गाईको सङ्ख्या थप्दै गएका छन् ।

बेलबास दुग्ध उत्पादक सहकारी संस्थामा आबद्ध १६१ मध्ये ४५ किसान व्यावसायिक रुपमा पशुपालनमा आवद्ध भएका छन् । यसअघि दैनिक एक हजार छ सय लिटर दूध बिक्री हुँदै आएकामा अहिले एक हजार सात सय लिटर दूध सङ्कलन भइरहेको संस्थाका व्यवस्थापक श्रीप्रसाद साँखीले जानकारी दिएका छन् ।

अहिलेको सुक्खायाममा दूध उत्पादन घट्नुपर्ने तर वृद्धि हुँदै गएको छ,उनले भने, मासिक १५ हजारदेखि दुई लाखसम्म आम्दानी हुने गरेको छ । उत्पादित दूध बेलबास दुग्ध उत्पादक सहकारी संस्थामार्फत दमौली र पोखराको सुजल डेरी प्रालिमा बिक्री गर्ने गरिएको छ । उत्पादन गरिएको दूध बिक्रीका लागि बजारको कुनै समस्या नभएपछि यहाँका किसान पशुपालनतर्फ आकर्षति भएका व्यवस्थापक साँखीको भनाइ छ ।

दमौली बजारमा सञ्चालनमा ल्याएको दुई पसलबाट दैनिक ७०० लिटर दूध खपत हुने गरेको छ, भने एक दिन बिराएर सुजल डेरीले दुई हजार लिटर दूध पोखरा लैजाने गरेको संस्थाका सचिव मेघनाथ आचार्यले बताए । दूध उत्पादन गर्नुका साथै पशुपालन गर्न चाहने किसानका लागि थप उत्प्रेरण जगाउने कार्य गरेको आभास भएको छ । यस क्षेत्रका पशुपालन गर्ने किसानले अन्य व्यक्तिका लागि पनि परिश्रम गर्न सकिए केही हुँदोरहेछ भन्ने गतिलो सन्देश दिएका छन् । दूध बिक्रीबाट आएको पैसाले लेनदेन व्यवहारका साथै दैनिक घरखर्च चलाउन सजिलो भएको पशुपालक किसान बताउँछन् ।

किसानको खरिद मूल्यअनुरुप अहिले दैनिक रु एक लाख ३४ हजारको दूध सङ्कलन हुने गरेको छ । उनीहरुले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रबाटप्रति लिटर रु तीन र व्यास नगरपालिकाबाट रु दुई अनुदान सहकारीमार्फत पाउने गरेका छन् । व्यावसायिक रुपमा पशुपालन गर्ने किसानलाई राज्यले प्रोत्साहन गर्न दाना, चोकरको महँगी नियन्त्रण र उत्पादनका आधारमा अनुदानलाई प्राथमिकता दिन सके अझै प्रभावकारी हुन सक्ने संस्थाका अध्यक्ष केशवबहादुर थापाले बताए ।

गाउँमै दुग्ध सङ्कलन केन्द्र रहेकाले किसानले दैनिक बिहान र बेलुका उत्पादन गरेको दूध बिक्री गर्न सहज भएको छ । नगरपालिकाले किसानलाई प्रोत्साहन गर्न उत्पादनका आधारमा अनुदान प्रदान गर्दै आएको वडाध्यक्ष वसन्तबहादुर आलेले बताए ।रासस

# नेपाल–पोर्चुगल द्विपक्षीय परामर्श संयन्त्र बैठक

**पोर्चुगल ।**
नेपाल–पोर्चुगल द्विपक्षीय परामर्श संयन्त्र 'बिसिएम'को पहिलो बैठक पोर्चुगलको राजधानी लिस्बनमा सम्पन्न भएको छ । लिस्बनस्थित परराष्ट्र मन्त्रालयमा शुक्रबार सम्पन्न बैठकमा द्विपक्षीय व्यापार, लगानी, पर्यटन, संस्कृति, शिक्षा तथा विज्ञान–प्रविधिको क्षेत्रमा सहयोग अभिवृद्धि र सहकार्य गर्ने सहमति भएको छ ।

बैठकमा नेपाल–पोर्चुगल सम्बन्धका राजनीतिक, आर्थिक तथा कन्सुलर मामिलालगायत समग्र पक्षहरूको समीक्षा गरिएको थियो । दुवै पक्षले जलवायु परिवर्तन तथा साझा चासोका क्षेत्रीय तथा बहुपक्षीय मुद्दामा समेत विचार–विमर्श गरेका थिए । बैठकमा नेपाली प्रतिनिधिमण्डलको नेतृत्व परराष्ट्र सचिव अमृतबहादुर राई र पोर्चुगलको तर्फबाट पोर्चुगलका परराष्ट्र तथा सहकार्य मामिला सचिव डा आना इसाबेल जेभियरले गरेका थिए । नेपाली प्रतिनिधिमण्डलमा पोर्चुगलका लागि नेपाली राजदूत प्रकाशमणि पौडेल, परराष्ट्र सहसचिव एवं युरोप महाशाखा प्रमुख गणेशप्रसाद ढकाल, उपसचिव उत्तम घिमिरेसहित दूतावासका वरिष्ठ अधिकारीहरूको सहभागिता थियो ।

बैठकमा
नेपाल–पोर्चुगलबीचको समग्र द्विपक्षीय सम्बन्धको समीक्षा गरिनुका साथै साझा चासो, आपसी हित, थप सहकार्य र सहयोग अभिवृद्धिबारे गहन विमर्श र छलफल भएको पोर्चुगलका लागि नेपाली राजदूत प्रकाशमणि पौडेलले जानकारी दिए । पोर्चुगलवासी नेपालीले भोगिरहेका कागजात प्रमाणीकरणसम्बन्धी समस्याको समाधानका लागि सहजीकरण गरिदिन पोर्चुगिज पक्षसँग विशेष आग्रह गरिएको उनले बताए ।

नेपालमा पोर्चुगलको दूतावास स्थापनाका लागि समेत आग्रह गरिएको छ । बैठकले दुई देशबीच नयाँ सम्भावनाको ढोका खुलेको छ, राजदूत पौडेलले भने ।

त्यस अवसरमा परराष्ट्र सचिव राईले पोर्चुगलमा बसोबास गर्ने नेपाली समुदायप्रतिको सद्भावका लागि पोर्चुगल सरकारलाई धन्यवाद दिए । परराष्ट्र मामिला सचिव डा जेभियरले पोर्चुगलको अर्थतन्त्रमा नेपाली समुदायले पुरयाएको योगदानको प्रशंसा गरे । बैठकपश्चात् डा जेभियरले पोर्चुगल भ्रमणमा रहेका नेपाली प्रतिनिधिमण्डलको सम्मानमा दिवाभोज आयोजना गरेका थिए ।

यस्तै, परराष्ट्र सचिव राईले पोर्चुगिज व्यापार तथा लगानी एजेन्सीमा नवीकरणीय ऊर्जा क्षेत्रसँग सम्बन्धित अधिकारीसँग अन्तरक्रिया गरेका थिए । उनले जलविद्युत् उत्पादन, प्रसारण र वितरणलगायत ऊर्जा क्षेत्रमा पोर्चुगिज लगानीकर्ताहरूसँग नेपालमा लगानीका लागि नेपालको लगानी बोर्डसँग छलफल गर्न सुझावसमेत दिए ।

यसअघि परराष्ट्र सचिव राईले पोर्चुगलको परराष्ट्र मन्त्रालयका महासचिव फ्रान्सिस्को मारिया डि सौसा रिबेरो टेलेससँग शिष्टाचार भेटवार्ता गरेका थिए । उक्त भेटमा द्विपक्षीय कूटनीतिक सम्बन्धलाई थप सुदृढ बनाउने विषयमा छलफल भएको दूतावासले जनाएको छ । भ्रमण सम्पन्न गरी परराष्ट्र सचिव राई नेतृत्वको प्रतिनिधिमण्डल शनिबार स्वदेश फर्कने कार्यक्रम छ । नेपाल–पोर्चुगल द्विपक्षीय परामर्श संयन्त्रको सन् २०१८ मा स्थापना भएको हो ।रासस

# नेपाल–भारत आर्थिक सहकार्यलाई थप परिणाममुखी बनाउन ढकालको जोड




**काठमाडौं ।**
नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले नेपाल–भारत आर्थिक सहकार्यलाई थप सहज एवं परिणाममुखी बनाउनुपर्नेमा जोड दिएका छन् । भारतको राजधानी नयाँ दिल्लीमा सुरु भएको 'दोस्रो इन्डो–नेपाल व्यापार महोत्सव २०२६' लाई शुक्रबार सम्बोधन गर्दै उनले नेपाल–भारतबीच सहज भन्सार प्रक्रिया, मापदण्ड समन्वय, डिजिटल व्यापार प्रणाली सुदृढीकरण तथा साना–मझौला उद्योगलाई वित्तीय पहुँच र प्रविधि हस्तान्तरणमा सहजीकरण गर्नुपर्नेमा जोड दिए।

अध्यक्ष ढकालले भारत नेपालको सबैभन्दा ठूलो व्यापार साझेदार र प्रमुख लगानीस्रोत रहेको उल्लेख गर्दै खुला सीमा, सांस्कृतिक निकटता र जनस्तरको सम्बन्धले दुई देशबीचको साझेदारीलाई विशिष्ट बनाएको धारणा राखेको महासंघद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

उनले विश्व अर्थतन्त्रमा अनिश्चितता र आपूर्ति शृङ्खलामा अवरोध उत्पन्न भइरहेको उल्लेख गर्दै यस्तो अवस्थामा छिमेकी राष्ट्रबीचको सुदृढ सहकार्य महत्त्वपूर्ण हुनेमा जोड दिए। भारतले हालै प्रस्तुत गरेको केन्द्रीय बजेटले पूर्वाधार, 'डिजिटल कनेक्टिभिटी', हरित ऊर्जा तथा साना–मझौला उद्योग प्रवद्र्धनमा दिएको प्राथमिकताले नेपालका लागिसमेत नयाँ अवसर सिर्जना गर्ने उनको धारणा थियो । अध्यक्ष ढकालले नेपाल जलविद्युत्मा समृद्ध रहेको र भारततर्फ विद्युत् निर्यात सुरु भइसकेको जानकारी दिँदै उपयुक्त प्रसारण लाइन र नीतिगत स्थायित्व भएमा नेपाल भारतको विश्वासिलो हरित ऊर्जा साझेदार बन्न सक्ने बताए । यस्तै, उनले पर्यटन क्षेत्रमा नेपालले प्राकृतिक सौन्दर्य, साहसिक तथा आध्यात्मिक गन्तव्यहरू प्रस्तुत गरेको उल्लेख गर्दै होटल, रिसोर्ट तथा केबलकार परियोजनाहरूमा लगानीको अवसर विस्तार भइरहेको जानकारी पनि गराए।

अध्यक्ष ढकालले भने, नेपालमा ऊर्जा, पर्यटन औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र, सीमापार लजिस्टिक्स, कृषि प्रशोधन, औषधि उद्योग, शिक्षा र स्वास्थ्य सेवामा प्रशस्त सम्भावना रहेको छ । यस्ता क्षेत्रमा लगानी गर्न भारतीय लगानीकर्ताहरूलाई आग्रह गर्दछु । नेपालको निजी क्षेत्रले सधैँ राजनीतिक स्थायित्व र आर्थिक अनुशासनको पक्षमा आवाज उठाउँदै आएको उल्लेख गर्दै उनले दीर्घकालीन रूपमा लगानीकर्ताको विश्वास कायम गर्ने पक्षमा नेपालमा नीतिगत सुधारहरू भइरहेको पनि उल्लेख गरे । उनले इन्डो–नेपाल व्यापार महोत्सव केवल औपचारिक कार्यक्रम नभई सद्भावनालाई व्यावसायिक साझेदारीमा रूपान्तरण गर्ने मञ्च भएको उल्लेख गर्दै अध्यक्ष ढकालले हरित ऊर्जा, डिजिटल सेवा, पर्यटन र उत्पादन क्षेत्रमा ठोस सहकार्य अघि बढाउन भारतीय उद्योगी व्यवसायी एवं लगानीकर्ताहरूलाई आह्वान पनि गरे ।रासस

# सहाराले १२ वर्षपछि जित्यो गोल्डकपको उपाधि




**काठमाडौँ ।**
आयोजक सहारा क्लब पोखराले २५औं आहारारा पोखरा गोल्डकप फुटबलको उपाधि जितेको छ । पोखरा रंगशालामा शनिबार भएको फाइनलमा जावलाखेल युथ क्लबलाई २–० ले पराजित गर्दै आयोजक सहाराले १२ वर्षपछि उपाधि जितेको हो । सहाराको जितमा मुकुन्द निउरे र ताय दिनियलले एक–एक गोल गरे । २५औं मिनेटमा निउरेले गोल गर्दै अग्रता दिलाएका थिए भने ७३औं मिनेटमा दिनियलले गोल गर्दै अग्रता दोब्बर पारे ।

सहाराले पछिल्लोपटक विसं २०७० सालमा उपाधि जितेको थियो । १२ वर्षपछि फाइनल पुग्दा सहाराले उपाधि जित्न सफल भयो । उपाधि विजेता सहाराले १४ लाख रुपैयाँ पुरस्कार प्राप्त गरेको छ । उपविजेता जावलाखेलले ७ लाख १ हजार रुपैयाँमा चित्त बुझायो ।

माघ २७ गतेबाट सुरु भएको गोल्डकपमा १२ टोलीले सहभागिता जनाएका थिए । प्रतियोगिता सुरु भएको २५औं वर्ष भएकाले यस संस्करणलाई सिल्भर जुब्ली समेत भनिएको थियो । सो अवसरमा फ्लडलाइटमा खेल खेलाउने तय भएपनि पहिलो खेलपछि प्राविधिक कारणले खेल दिउँसोलाई नै सारिएको थियो ।

# हिटलरको घर अब प्रहरी चौकी

**अस्ट्रिया ।**
नाजी तानाशाह एडोल्फ हिटलर जन्मिएको घरलाई अस्ट्रियाले प्रहरी चौकीमा रूपान्तरण गरेपछि उनको गृहनगर ब्राउनाउ एम इनमा बहस र मिश्रित प्रतिक्रिया चुलिएको छ । सरकार उक्त भवनलाई अति–दक्षिणपन्थी चरमपन्थीहरूको आकर्षण केन्द्र बन्न नदिने उद्देश्यले नयाँ प्रयोगमा ल्याउन अग्रसर भएको हो ।

सन् १८८९ अप्रिल २० मा हिटलर जन्मिएको उक्त घर सहरको केन्द्रमा साँघुरो पसलहरूले घेरिएको सडकमा अवस्थित छ । भवनअगाडि राखिएको स्मारक ढुङ्गामा 'शान्ति, स्वतन्त्रता र लोकतन्त्रको रक्षा गरौँ । फासीवादी शासन फेरि कहिल्यै दोहोरिन नदिऔँ । लाखौँ



मानिसको मृत्यु यसका लागि चेतावनी हो' लेखिएको छ । यसै साता एएफपीले अवलोकन गर्दा जीर्णोद्धारको अन्तिम काम भइरहेको देखिएको थियो । गृह मन्त्रालयका अनुसार सन् २०२६ को दोस्रो त्रैमासिकभित्र प्रहरी त्यहाँ सर्ने तयारीमा छ ।

सरकारले सन् २०१६ मा निजी मालिकबाट भवनको नियन्त्रण लिन विशेष कानून पारित गर्दै यसलाई 'बेअसर' बनाउने नीति अघि सारेको थियो । अस्ट्रिया सन् १९३८ मा नाजी जर्मनीद्वारा कब्जा गरिएको थियो र नरसंहारमा आफ्नो भूमिकाबारे विगतमा पर्याप्त आत्मस्वीकृति नगरेको आरोप खेप्दै आएको छ । नाजी शासनकालमा करिब ६५ हजार अस्ट्रियाली यहुदी मारिएका थिए भने एक लाख ३० हजार निर्वासनमा पठाइएका थिए ।

स्थानीय बासिन्दा सिबिले ट्रेइब्लमेयरले यो निर्णयलाई 'दुई धारको तरबार' भएको प्रतिक्रिया दिए । उनका अनुसार यसले अति–दक्षिणपन्थी समूहलाई भेला हुन निरुत्साहित गर्न सक्छ, तर भवनलाई फरक ढङ्गले पनि उपयोग गर्न सकिन्थ्यो । नरसंहार पीडितहरूको प्रतिनिधित्व गर्ने मौथौसेन कमिटी अस्ट्रियाका सदस्य लेखक लुडविग लहरले प्रहरी चौकी बनाउने निर्णयलाई 'समस्यापूर्ण' बताए । उनका अनुसार प्रहरी राज्यको संरचनाअनुसार चल्ने भएकाले स्मृति र शान्ति संवादका लागि छुट्टै केन्द्र उपयुक्त हुने थियो ।

यसअघि भवनलाई शान्ति निर्माण र ऐतिहासिक सचेतनाका कार्यक्रम सञ्चालन गर्ने स्थल बनाउने प्रस्तावले व्यापक समर्थन पाएको बताइएको छ । स्थानीय पसल व्यवसायी जस्मिन स्ट्याडलरले हिटलरको जन्मलाई 'ऐतिहासिक सन्दर्भमा राखेर प्रस्तुत गर्नु रोचक हुने' धारणा व्यक्त गरे । पुनर्निर्माणमा करिब दुई करोड युरो खर्च भएको विषयमा पनि आलोचना भएको छ ।

तर सबै प्रतिक्रिया नकारात्मक छैनन् । इलेक्ट्रिकल इन्जिनियर वोल्फगाङ्ग लेथनरले भवनलाई प्रहरी चौकीमा रूपान्तरण गर्दा 'केही शान्ति आउने' विश्वास व्यक्त गरे । उनका अनुसार यसरी प्रयोग गर्दा भवन अति–दक्षिणपन्थीहरूको तीर्थस्थल बन्ने सम्भावना कम हुनेछ । ब्राउनाउका कन्जरभेटिभ मेयरको कार्यालयले यस विषयमा टिप्पणी दिन अस्वीकार गरेको छ । यसबीच, अस्ट्रियामा नाजी अतीत र नरसंहार इतिहासलाई कसरी स्मरण र सम्बोधन गर्ने भन्ने बहस फेरि सतहमा आएको छ ।

अति–दक्षिणपन्थी फ्रिडम पार्टी सन् २०२४ को चुनावमा सबैभन्दा ठूलो दल बने पनि सरकार गठन गर्न असफल भएको थियो । गत वर्ष ब्राउनाउ एम इनमा नाजी स्मृतिसँग जोडिएका दुई सडकको नाम परिवर्तन गरिएको थियो । इतिहासको पीडादायी स्मृतिलाई कसरी रूपान्तरण गर्ने भन्ने प्रश्नबीच हिटलर जन्मिएको घरको नयाँ पहिचानले अस्ट्रियामा स्मृति, जिम्मेवारी र भविष्यको दिशाबारे पुनः बहस जगाएको छ ।रासस

# एआई शिखर सम्मेलन निष्कर्षविहीन

**नयाँदिल्ली ।**
पाँच दिनसम्म विश्वका नेताहरू, प्रविधि कम्पनीका प्रमुख र नीति निर्माता भेला भएको ग्लोबल एआई शिखर सम्मेलन औपचारिक अन्तिम घोषणाबिना टुङ्गिएको छ ।

आर्टिफिसियल इन्टेलिजेन्स (एआई) को अवसर र जोखिमबारे साझा दृष्टिकोण तय गर्ने उद्देश्य राखिएको सम्मेलनको संयुक्त वक्तव्य शनिबार दिउँसोसम्म सार्वजनिक भएको थिएन, जबकि त्यसको अपेक्षा एक दिनअघि गरिएको थियो ।

फ्रान्स, ब्राजिल लगायतका देशका नेतासहित दर्जनौँ राष्ट्रिय प्रतिनिधिमण्डलहरू भारतको राजधानी नयाँदिल्लीमा द्रुत रूपमा विकसित भइरहेको जेनेरेटिभ एआई प्रविधिको प्रभावबारे छलफल गर्न भेला भएका थिए । यो विकासोन्मुख राष्ट्रद्वारा आयोजना गरिएको पहिलो वार्षिक बैठक हो र एआई प्रभावसम्बन्धी चौथो अन्तर्राष्ट्रिय सम्मेलनका रूपमा आयोजना गरिएको थियो ।

भारतका सूचना प्रविधिमन्त्री अश्विनी वैष्णवले शुक्रबार 'घोषणामा ठूलो सहमति' भएको बताएका थिए, तर विवरण खुलाउन अस्वीकार गरेका थिए । उनका अनुसार ७० भन्दा बढी हस्ताक्षरकर्ताले समर्थन जनाइसकेका छन् र यो संख्या ८० नाघ्ने अपेक्षा गरिएको छ । हामी यो सङ्ख्या अधिकतम बनाउन प्रयासरत छौँ, सम्मेलन समापनका क्रममा उनले बताएका थिए । शनिबारसम्म आयोजक र मन्त्रालयबाट औपचारिक टिप्पणी प्राप्त भएको थिएन ।

सम्मेलनमा बहुभाषी एआई अनुवादका सामाजिक लाभ, रोजगारीमा पर्ने सम्भावित असर, डाटा सेन्टरहरूको उच्च ऊर्जा खपत र नियमनको दायरा जस्ता विषयहरू प्रमुख बहसमा रहे । यद्यपि विश्लेषकहरूले सम्मेलनको व्यापक र खुला एजेन्डाले ठोस र बाध्यकारी प्रतिबद्धता निकाल्न कठिन बनाएको टिप्पणी गरेका छन् ।


यसअघि फ्रान्स, दक्षिण कोरिया र बेलायतमा आयोजित संस्करणहरूमा पनि अस्पष्ट प्रतिज्ञा मात्र गरिएको स्मरण गराइएको छ ।

गत वर्षको एआई शिखर सम्मेलनमा संयुक्त वक्तव्यमा हस्ताक्षर नगरेको संयुक्त राज्य अमेरिकाले यसपटक भारतसँग अलग द्विपक्षीय घोषणापत्र जारी गरेको छ ।

उक्त घोषणापत्रमा दुवै देश 'उद्यमशीलता र नवप्रवर्तनलाई अनुकूल हुने एआईसम्बन्धी विश्वव्यापी दृष्टिकोण' अघि बढाउन सहमत भएको उल्लेख गरिएको छ । यसैबीच, ह्वाइट हाउसका प्रविधि सल्लाहकार तथा अमेरिकी प्रतिनिधिमण्डलका प्रमुख माइकल क्रेटसिओसले जेनेरेटिभ एआईमाथि केन्द्रीयकृत विश्वव्यापी नियन्त्रणको अवधारणाविरुद्ध चेतावनी दिएका छन् । उनले ट्रम्प प्रशासनले एआईको विश्वव्यापी शासन संरचनालाई अस्वीकार गर्ने नीति दोहो¥याएको बताए ।

केही सहभागीहरूले सम्मेलन स्थलमा प्रवेश–निकास व्यवस्थापन कमजोर रहेको भन्दै असन्तुष्टि व्यक्त गरेका थिए । यद्यपि दशौँ हजार सहभागीको उपस्थितिसहित सम्पन्न सम्मेलनले एआईको भविष्यबारे बहसलाई अझ व्यापक बनाएको विश्लेषकहरूको भनाइ छ । तर साझा घोषणापत्रबिना टुङ्गिएको यो सम्मेलनले विश्वव्यापी सहमतिको मार्ग अझै जटिल रहेको सङ्केत दिएको छ ।रासस

# अन्तर्राष्ट्रिय मातृभाषा दिवसमा कविता महोत्सव




**काठमाडौँ ।**
मातृभाषामा कविता वाचनसहित विभिन्न जातजातिका सांस्कृतिक झाँकी प्रस्तुत गरी अन्तरराष्ट्रिय मातृभाषा दिवस मनाइएको छ ।

नेपाल प्रज्ञा प्रतिष्ठानको आयोजनामा भएको कार्यक्रममा ४२ भाषाका ४२ जना कवि एवं कवियत्रीको कविता छनोट गरिएको थियो । ती सबै कवितासहित केही भाषाभाषिका सांस्कृतिक झाँकी पनि प्रतिष्ठानको डबलीमा प्रस्तुत गरिएको हो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रतिष्ठानका कुलपति भूपाल राईले यस्ता महोत्वसवमा थोरै वक्ता रहेका मातृ भाषाको संरक्षणमा योगदान पुग्ने विश्वास गरिएको बताएका छन् ।

संयुक्त राष्ट्रसङ्घ महासभाले सन् १९९९ मा घोषणा गरी सन् २००० देखि फेब्रुअरी २१ तारिखका दिन अन्तरराष्ट्रिय मातृभाषा दिवस मनाउन सुरु गरिएको हो । नेपालमा भने विसं २०६६ देखि विशेष रूपमा अन्तरराष्ट्रिय मातृभाषा दिवस मनाउन सुरु गरिएको थियो ।

विश्वमा १५ दिनमा दुईवटा भाषा लोप हुने गरेको तथ्य अध्ययनबाट सार्वजनिक भएको छ । मातृभाषा लोप हुन नदिन सरोकार भएका निकायले काम गर्नुपर्नेमा जोड दिँदै आज प्रतिष्ठानले मातृभाषामा कविता महोत्सवसहित विभिन्न जातजातिका सांस्कृतिक झाँकी कार्यक्रमको आयोजना गरेको हो ।

अन्तरराष्ट्रिय मातृ भाषा दिवसका अवसरमा शुक्रबार प्रतिष्ठानकै आयोजनामा 'मातृभाषा र मातृभाषा साहित्यसम्बन्धी विचार गोष्ठी' कार्यक्रम आयोजना गरिएको थियो ।

# नापतौलमा अनियमितता गर्ने ११ सय व्यवसायीलाई कारबाही




**जनकपुरधाम ।**
गुणस्तर तथा नापतौल कार्यालय जनकपुरधामले चालु आर्थिक वर्ष २०८२/८३ को सात महिनामा एक हजार १५३ व्यवसायी तथा उद्योगीलाई कारबाही गरेको छ । नापतौल इजाजतपत्र नलिई आफूखुशी नापतौल यन्त्रको प्रयोग गर्ने, उपभोक्तालाई ठग्गी गर्ने, तथा तोकिएको समयमा नवीकरण नगराउनेलाई कारबाही गरिएको कार्यालय प्रमुख सुनिलकुमार यादवले जानकारी दिएको छ ।

सोही अवधिमा कार्यालयले ६२६ व्यवसायीलाई नयाँ नापतौल इजाजतपत्र तथा एक हजार ३९७ व्यवसायीको नापतौल यन्त्रको नवीकरण गरेको छ ।

सो अवधिमा अनुगमन, नवीकरण, कारबाही तथा इजाजतपत्र प्रदान गरेबापत रु २५ लाख ४६ हजार ६०४ राजस्व सङ्कलन भएको कार्यालय प्रमुख यादवले जानकारी दिएको छ ।

गत आर्थिक वर्षमा ९१७ वटा नयाँ व्यवसायी तथा औद्योगिक प्रतिष्ठानलाई व्यवसायिक कारोबारका लागि नापतौल यन्त्र सञ्चालन गर्न कार्यालयले इजाजतपत्र प्रदान गरेको थियो । धनुषा, महोत्तरी, सर्लाही, सिन्धुली र रामेछाप गरी पाँच जिल्ला कार्यक्षेत्र रहेको सो कार्यालयले ती जिल्लाका व्यवसायीलाई नयाँ नापतौल इजाजतपत्र प्रदान गर्दै आएको छ । साथै कार्यालयले पाँचै जिल्लामा नापतौलसम्बन्धी अनियमितता गर्नेलाई कारबाही गर्नुका साथै अनुगमन तथा निरीक्षण र नापतौल यन्त्रको इजाजतपत्र दिँदै आएको जनाएको छ ।

उक्त अवधिमा नापतौलमा ठगी गर्ने तथा लामो समयदेखि नापतौल यन्त्रको नविकरण नगराउने दुई हजार ४३ उद्योगी तथा व्यवसायिक फार्मलाई कारबाहीका साथै जरिवाना गरिएको कार्यालय प्रमुख यादवले बताए । कारबाहीमा परेका व्यवसायी तथा उद्योगीले आफूखुशी जथाभाबी ढक तथा तराजु (डिजिटलसमेत) नापतौल यन्त्रको प्रयोग गरेको पाइएपछि जरिवाना गरी कानुनी दायरामा ल्याइएको उहाँको भनाइ छ ।

कार्यालयबाट प्राप्त विवरणअनुसार आव २०८१/८२ को साउनदेखि असारसम्म गरिएको डोर खटनपटन, अनुगमन तथा नापतौल यन्त्रको प्रयोगमा पाइएको कैफियतको आधारमा कारबाही तथा जरिवाना गरिएको यादवले उल्लेख गरे । प्राप्त विवरणअनुसार सो अवधिमा दुई हजार ६३० जना व्यवसायीको नापतौल यन्त्रको जाँच गरिएको थियो । सर्लाहीको लालबन्दी तथा हरिवन नगरपालिका, महोत्तरीको गौशाला, रामेछापको मन्थली नगरपालिका, सिन्धुलीको कमलामाई नगरपालिकामा नापतौल यन्त्रको प्रयोग, नापतौल जरिवाना तथा कानुनी कारबाहीसम्बन्धी चेतनामूलक जानकारी गराइएको प्रमुख यादवले जानकारी दिए ।

उक्त अवधिमा कार्यालयले एकल अनुगमन २९ पटक, व्यवसायिक फार्मको अनुगमन २७२ पटक, संयुक्त अनुगमन १८ पटक तथा व्यवसायिक फार्मको अनुगमन ४९९ पटक गरी विभिन्न शिर्षकबाट रु ५१ लाख एक हजार ९६० राजस्व सङ्कलन गरेको प्रमुख यादवले जानकारी दिए । आव २०८०/८१ मा कार्यालयले रु ४० लाख ६७ हजार २४२ राजस्व सङ्कलन गरेको थियो ।

त्यस्तै पाँच जिल्ला कारोबार रहेको कार्यालयसँग आफ्नो भवन नभएकाले साँघुरो भाडाको भवनबाट सेवा प्रवाह गरिरहेको छ । डोरको खटनपटन र अनुगमनका लागि सवारी सुविधा नभएको तथा कार्यालय सञ्चालनका लागि बजेटको अभाव हुँदा प्रभावकारी कार्यसम्पादनमा समस्या हुँदै आएको यादवले गुनासो गरेको छ । रासस

# चुनाव प्रचारमा घरदैलो र डिजिटल प्रयोग तीव्र




**म्याग्दी ।**
म्याग्दीका राजनीतिक दल र उम्मेदवारले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि पुराना चुनावी शैली परिवर्तन गरेका छन् ।

विगतका निर्वाचनमा भित्तामा टाँसिने ठुला ठुला पोस्टर–पम्प्लेट र ठुला चनावी सभाभन्दा यसपटक उम्मेदवारले टोलबस्तीमा पुगेर मतदातासँग छलफल, घरदैलो र साना कार्यक्रम सञ्चालन गर्ने नीति लिएका छन् । यसबाहेक सामाजिक सञ्जालमार्फत डिजिटल प्रचार सामग्रीको प्रयोगलाई व्यापक प्राथमिकता दिइएको छ । हाल उम्मेदवारसँगै नेता र कार्यकर्ताले घरदैलो र प्रत्यक्ष भेटघाटमा बढी जोड दिएका छन् । नेतालाई आआफ्नो पालिकामा चुनाव प्रचार गर्ने जिम्मा दिइएको छ । यसरी जिम्मेवारी पाएकाले मतदातासँग प्रत्यक्ष भेटघाट र सामाजिक सञ्जालमार्फत आफ्नो पार्टी तथा उम्मेदवारको प्रचार गरिरहेका छन् । क्यामेराम्यानसहित फेसबुक, टिकटक, युट्युबमा दैनिक भिडियो सामग्री बनाएर पोस्ट गर्ने, प्रत्यक्ष प्रसारण गर्ने शैली अपनाइएको छ ।

राष्ट्रिय जनमोर्चाका उम्मेदवार छेमबहादुर विश्वकर्मा (छवि विक) ले घरदैलो, प्रत्यक्ष भेटघाटसँगै डिजिटल चुनावी शैलीमा जोड दिने बताइरहेका छन् । नेपाली कङ्ग्रेस म्याग्दीका चुनाव प्रचारप्रसार समिति सदस्य निर्मल खत्री यसपटक सामाजिक सञ्जालमार्फत भिडियो सन्देश, प्रत्यक्ष प्रसारण र डिजिटल सामग्रीमार्फत मतदातासँग जोडिने प्रयास गरिएको बताए ।

नेकपा (एमाले) का उम्मेदवार हरिकृष्ण श्रेष्ठले पनि यस्तै शैली अपनाउँदै मतदाताको घरदैलो पुगिरहेका छन् । स्वतन्त्र उम्मेदवार महावीर पुनले त टोलटोलमा घुम्दै हाते माइकमार्फत जनतालाई कटुवाल कराउने शैलीमा "लौ है जनता हो, महावीर आयो" भन्दै आफ्ना कुरा सुनाइरहेका छन् । यस्तै, नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार अर्जुन थापाको सचिवालयले पनि डिजिटल प्रचारलाई प्राथमिकता दिएको छ ।

यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टीका डम्बर सुवेदी, नेकपा (माओवादी) का क्षेत्रबहादुर घिमिरेलगायत उम्मेदवारले पनि सामाजिक सञ्जालमार्फत प्रचार गरिरहेका छन् । यहाँ एक स्वतन्त्र र ११ राजनीतिक पार्टीका गरी १२ जना उम्मेदवार चुनावी प्रतिष्पर्धा छन् । यहाँका सबैजसो उम्मेदवारले राष्ट्रिय गौरवको आयोजना कालीगण्डकी करिडोर कालोपत्र गर्ने, अन्य सडक निर्माण, खानेपानी, शिक्षा, कृषि क्षेत्रको प्रवद्र्धन, सुलभ स्वास्थ्य सेवा, रोजगारीलगायतका मुद्दालाई प्राथमिकतामा राखेका छन् । नयाँ उम्मेदवारको उपस्थिति, दलीय राजनीतिको बिचमा स्वतन्त्र उम्मेदवारको उपस्थिति र बदलिँदो प्रचार शैलीले यसपटक निर्वाचनलाई अझ रोचक बनाएको स्थानीयबासी बताउँछन् । निर्वाचनको मिति नजिकिँदै जाँदा डिजिटल प्रविधिको प्रयोग गरी प्रचार कार्य बढेसँगै साइबर सुरक्षा चुनौती पनि बढ्दै गएको छ ।उम्मेदवारको सामग्रीमा अर्का समर्थकहरूले गालीगलौज र नकारात्मक टिप्पणी गर्दा द्वन्द्व बढेको देखिएको छ । सामाजिक सञ्जालको दुरुपयोग रोक्न कडाइका साथ निगरानी भइरहेको मुख्य निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ । एक निर्वाचन क्षेत्र, छ पालिका र ४५ ओटा वडा रहेको म्याग्दीमा ८६ हजार तीन सय ९७ मतदाता रहेका छन् । निर्वाचनका लागि जिल्लामा ८२ वटा मतदानस्थल र १२० मतदान केन्द्र कायम गरिएका छन् । रासस

# नेकपाले दमन र तोडफोडका प्रवृत्तिविरुद्ध मुलुकलाई समृद्धितर्फ लैजान्छः दाहाल



**काठमाडौँ ।**
नेपाली कम्युनिष्ट पार्टीका संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले सुशासन माग गर्ने युवामाथि दमन गर्ने र मुलुकको राजनीतिक तथा संवैधानिक संस्थामाथि आगजनी गर्ने प्रवृत्तिविरुद्ध लड्दै मुलुकलाई समृद्धितर्फ लैजाने सङ्कल्प बोकेको बताएका छन ।

नेकपा दोलखा–काठमाडौँ सम्पर्क निर्वाचन परिचालन समितिद्वारा आज राजधानीमा आयोजित चुनावी सन्देशसभालाई सम्बोधन गर्दै उहाँले इतिहासको कठिन र चुनौतीपूर्ण घडिमा नेकपा राष्ट्र र जनतालाई बचाइराख्ने र दुई अतिवादका विरुद्ध लडेर देशलाई सन्तुलित विकासतर्फ लैजाने दृढताका साथ अघि बढेको बताए ।

कार्यक्रममा दोलखा निर्वाचन क्षेत्र नं १ का उम्मेदवार विशाल खड्काले समृद्ध दोलखा निर्माणको अभिभारा पूरा गर्न आफ्नो उम्मेदवारी भएको बताएको छ । राष्ट्रिय गौरवको माथिल्लो तामाकोशी आयोजना निर्माणको नेतृत्व नेकपाकै अगुवाइ नै भएको उल्लेख गर्दै उहाँले नेकपाले नै जनअपेक्षा पूरा गर्ने जिकिर गरे । रासस

# 'इला शर्माः नारी सङ्घर्षका स्मृतिहरू' लोकार्पण

**काठमाडौँ ।**
पूर्व निर्वाचन आयुक्त इला शर्मामाथि विभिन्न क्षेत्रका व्यक्तिले लेखेका आलेखको सङ्कलन 'इला शर्माः नारी सङ्घर्षका स्मृतिहरू' पुस्तक शनिबार एक समारोहकाबीच लोकार्पण भएको छ ।पुस्तकको विमोचन सर्वोच्च अदालतकी न्यायाधीश सपना प्रधान मल्ल, पूर्व प्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेल, नेपाल पत्रकार महासङ्घकी अध्यक्ष निर्मला शर्मा र पुस्तकका सम्पादक डा अलका आत्रेय चुँडालले गरेका छन् । न्यायधीश मल्लले इला शर्मा एक आँटिली र साहसी व्यक्तित्व भएको बताउँदै महिला भएकै नाताले उहाँले भोगेका अभिव्यक्ति र उहाँले देखाउनु भएको साहसको पनि स्मरण गर्नुपर्ने बताएका छन् ।

पूर्व प्रमुख निर्वाचन आयुक्त पोखरेलले शर्मालाई जतिसुकै कठिन चुनौतीलाई पार गर्न सक्ने र सहनशील व्यक्तित्वको रूपमा सम्झिनुभयो । उहाँकाअनुसार शर्मा बहुप्रतिभाशाली व्यक्तित्व हुनुका साथै महिलाको प्रतिनिधित्व र सीमान्तकृत वर्गका लागि लड्नुहुन्थ्यो ।

पत्रकार शर्माले इला शर्माले गरेको मेहनत, सङ्घर्ष र योगदान सबैको लागि प्रेरणाको स्रोत रहेको बताउँदै उहाँले देखेका जति सपना छन् ती नीति नियममार्फत परिवर्तन ल्याउन सके सच्चा श्रद्धासुमन हुनसक्ने बताए । पुस्तकका सम्पादक डा चुँडालले नेपाली महिलाको योगदान र इतिहास लिपिबद्ध गर्ने यो पुस्तक नेपाली नारी सङ्घर्षको ज्वलन्त दस्तावेज भएको बताएका छन ।

शर्माका स्मृतिहरूमा आधारित विभिन्न लेखहरूको सङ्कलन तथा संयोजन अमृता लम्सालले गर्नुभएको हो भने पुस्तक अक्षर क्रिएसन्सले बजारमा ल्याएको हो । प्रकाशक डा अर्चना थापाले यो पुस्तक इला शर्माले गरेको न्याय, निष्ठा, सङ्घर्ष र समाजका लागि गरेको योगदानको स्मरण रहेको प्रकाश पारे । पूर्व निर्वाचन आयुक्त शर्माको मृत्यु २०८२ असार २८ मा भएको हो । रासस

# गण्डकीका सबै जिल्लामा पुग्यो निर्वाचन सामग्री



**गण्डकी ।**
फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि चाहिने मतपत्रबाहेक ५२ प्रकारका निर्वाचन सामग्री गण्डकी प्रदेशका ११ वटै जिल्लामा पुगिसकेको छ । मतपत्र ढुवानीको काम पनि सुरु भएको प्रदेश निर्वाचन कार्यालय, पोखराले जनाएको छ । शनिबार कास्कीमा मतपत्र आइपुगेको कार्यालयका सूचना अधिकारी रुद्रनाथ न्यौपाने बताएको छन ।

निर्वाचनका लागि आवश्यकपर्ने ५२ प्रकारका सामग्री जिल्लामा पुगिसकेको छ ।

आइतबारदेखि कास्कीबाहेक अन्य जिल्लामा पनि मतपत्र ढुवानी सुरु हुन्छ, उनले भने, निर्वाचन कार्यालय र मुख्य निर्वाचन अधिकृतको कार्यालय निर्वाचनको अन्तिम तयारीमा जुटेको छ । निर्वाचनका बेला प्रयोग हुने ५३ प्रकारका सामग्रीमध्ये ४९ वटा सामग्रीलाई मतदानस्थलमा पठाइने र अन्य सामग्री कार्यालयमा प्रयोग हुने सूचना अधिकारी न्यौपानेले बताए ।

सामग्री व्यवस्थापनसँगै निर्वाचनमा परिचालन हुने कर्मचारीको खटनपटनको काम पनि सँगसँगै भइरहेको प्रदेश निर्वाचन कार्यालयले जनाएको छ । गण्डकी प्रदेशमा १४ हजारभन्दा बढी कर्मचारी निर्वाचनमा खटिने भएका छन् । मतदान अधिकृत, सहायक मतदान अधिकृतलगायत कर्मचारीलाई तालिम दिएर मतदान केन्द्रमा पठाइने सूचना अधिकारी न्यौपानेले बताए । यस प्रदेशका एक हजार २९७ मतदानस्थल र दुई हजार ३९६ मतदान केन्द्र रहेका छन् ।

मतदाताको सङ्ख्या १८ लाख ७० हजार ६५ रहेको छ । गण्डकीमा विसं २०७९ को प्रतिनिधिसभा सदस्य निर्वाचनमा १६ लाख ६२ हजार २४६ मतदाता थिए । अहिलेको चुनावमा दुई लाख सात हजार ८१९ नयाँ मतदाता थपिएका हुन् । यहाँ १८ प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र रहेका छन् । रासस

# बहुभाषिकता सामूहिक चेतनाको प्रतीक

**काठमाडौँ ।**
आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका अध्यक्ष रेसम गुरुङले मातृभाषा संरक्षण केवल सांस्कृतिक विषय मात्र नभइ शैक्षिक रूपमा पनि प्रभावकारी र दिगो उपाय भएको बताएका छन् ।

अन्तरराष्ट्रिय मातृभाषा दिवसका अवसरमा प्रतिष्ठानद्वारा शनिबार आयोजित कार्यक्रममा उहाँले मातृभाषा संरक्षणप्रति अघात प्रतिबद्धता र सामूहिक चेतनाको प्रतीकका रूपमा दिवसलाई ग्रहण गरिएको उल्लेख गरेका छन । उनको अनुसार बहुभाषिक शिक्षा केवल शिक्षण पद्धति मात्र नभइ समानता, समावेशिता र सांस्कृतिक न्यायको आधार हो । बहुभाषिक शिक्षा लागूभएका देशहरूमा बालबालिकाको सिकाइ उपलब्धि, आत्मविश्वास र विद्यालयमा निरन्तरताको दर बढेको अध्ययनले देखाएको उनले बताए ।

यस वर्षको नारा 'बहुभाषिक शिक्षामा युवाहरूको आवाज'ले युवालाई सहभागी मात्र नभइ सहनिर्माताका रूपमा अघि बढाउनुपर्ने सन्देश दिएको उनको भनाइ थियो । विविधता हाम्रो कमजोरी होइन, हाम्रो शक्ति, पहिचान र गौरव हो, उनले भने । लोपउन्मुख भाषाको संरक्षणलाई राष्ट्रिय प्राथमिकतामा राख्नुपर्ने उनले जोड दिए । अध्यक्ष गुरुङले मातृभाषामा प्रारम्भिक शिक्षालाई गुणस्तरीय बनाउन, भाषासम्बन्धी अनुसन्धानलाई प्रोत्साहन गर्न, समुदाय सरकार र शैक्षिक संस्थाबीच सहकार्य सुदृढ गर्न तथा डिजिटल युगअनुकूल सामग्री विकासलाई प्राथमिकता दिनुपर्ने आवश्यकता औँल्याए ।

कार्यक्रममा मातृभाषा संरक्षण, विकास र उत्थानका लागि समुदायले गरेका असल अभ्यास, उपलब्धि र नवप्रयोग सार्वजनिक गरिएको थियो । डिजिटल प्रविधि, सामाजिक सञ्जाल, साहित्य, सङ्गीत, चलचित्र, अनुसन्धान र उद्यमशीलतामार्फत मातृभाषालाई आधुनिक युगसँग जोड्नुपर्नेमा जोड दिएको थियो ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा १२४ भाषा रहेको र तीमध्ये केही भाषा लोपउन्मुख अवस्थामा रहेको छन् । मातृभाषामा पठनपाठन भइरहेका विद्यालयका शिक्षकलाई प्रशिक्षण, शब्दकोष तथा पाठ्यसामग्री निर्माण, लिपि विकास र अभिलेखीकरणजस्ता कार्य प्रतिष्ठानले गर्दै आएको छ ।

प्रतिष्ठानद्वारा आयोजित कार्यक्रममा माझी, सुनुवार, थामी, तामाङ, दुरा, नेवार, ह्योल्मो, राई, लिम्बू, मगर, थारु, भोटे, छन्त्याल, शेर्पा र सुरेल समुदायका प्रतिनिधिले आ–आफ्ना भाषासम्बन्धी अनुभव प्रस्तुत गरेका थिए । प्रतिनिधिहरूले आदिवासीसम्बन्धी ऐन, कानुन र नियमावली बहुभाषिक बनाउन तथा कार्यक्रममा अनुवाद र प्रविधिको व्यवस्था गर्न सुझाव प्रस्तुत गरेका थिए ।

अन्तरराष्ट्रिय मातृभाषा दिवसको पृष्ठभूमिमा सन् १९५२ फेब्रुअरी २१ मा बङ्गलादेशको ढाकामा विद्यार्थीले बङ्गाली भाषालाई राष्ट्रभाषाको मान्यता दिन माग गर्दै गरेको आन्दोलनलाई स्मरण गरिन्छ । बङ्गलादेशकै पहलमा संयुक्त राष्ट्र सङ्घीय शैक्षिक, वैज्ञानिक एवं सांस्कृतिक सङ्गठन (युनेस्को)ले सन् १९९९ मा २१ फेब्रुअरीलाई अन्तरराष्ट्रिय मातृभाषा दिवस घोषणा गरेको हो । सन् २००० देखि यो दिवस विश्वभर मनाइँदै आएको छ । रासस

# धनुषा–१ मा नयाँ–पुराना अनुहारबीचको रोचक प्रतिस्पर्धा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
निर्वाचनको मिति नजिकिँदै जाँदा धनुषा–१ को चुनावी माहोल चरमोत्कर्षमा पुगेको छ । गाउँ–गाउँमा घरदैलो अभियान, टोल–टोलमा कोणसभा र सामाजिक सञ्जालमार्फत प्रचारप्रसार तीव्र बन्दै गएको छ । १ लाख २६ हजार ४० मतदाता रहेको यस क्षेत्रमा ८५ मतदानस्थल र १ सय ६३ मतदानकेन्द्र निर्धारण गरिएका छन् । कुल ४२ उम्मेदवार चुनावी मैदानमा रहे पनि वास्तविक प्रतिस्पर्धा भने केही परिचित र प्रभावशाली अनुहारबीच केन्द्रित देखिन्छ ।
नेपाली कांग्रेसका उम्मेदवार रामपल्टन साह आफूलाई मुख्य प्रतिस्पर्धीमध्ये 'नयाँ विकल्प'का रूपमा प्रस्तुत गरिरहेका छन् । विगतका चुनावमा परीक्षित अनुहारहरूबाट मतदाता परिचित भइसकेको भन्दै उनले परिवर्तनको सन्देश दिएका छन् । उनले अवसरवाद र दल परिवर्तनको प्रवृत्तिलाई प्रमुख मुद्दा बनाएका छन् । भ्रष्टाचार नियन्त्रण, लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरण तथा मधेशका मुद्दाको प्रभावकारी कार्यान्वयनलाई प्राथमिकतामा राख्ने उनको भनाइ छ । पदमा नरहे पनि जनताको सुख–दुःखमा सँगै रहेको दाबी गर्दै उनी पार्टी संगठन र व्यक्तिगत छविलाई आफ्नो बलियो आधार ठान्छन् ।
नेपाली कम्युनिस्ट पार्टी (नेकपा)का उम्मेदवार मातृकाप्रसाद यादव अघिल्लो निर्वाचनका निकटतम प्रतिस्पर्धी हुन् । २०७९ मा २१ हजार ४ सय ८३ मत प्राप्त गरेका यादव यसपटक 'उपलब्धि रक्षा'को नारासहित मैदानमा उतरिएका छन् ।
वर्तमान राजनीतिक परिस्थितिलाई असामान्य बताउँदै उनले जनताले स्थायित्व र उपलब्धि जोगाउन आफूलाई रोज्ने विश्वास व्यक्त गरेका छन् । शिक्षा, स्वास्थ्य र सुशासनलाई प्राथमिकता दिने प्रतिबद्धता जनाउँदै विगतको गठबन्धन इमान्दार नहुँदा हार व्यहोर्नुपरेको उनको विश्लेषण छ ।
२०७९ को निर्वाचनमा एमाले–जसपा गठबन्धनबाट विजयी भएका दीपक कार्की यसपटक औपचारिक गठबन्धनबिनै मैदानमा छन् । अघिल्लो चुनावमा २७ हजार ४ सय ३१ मत ल्याएर जित हासिल गरेका कार्कीका लागि त्यसबेला गठबन्धन निर्णायक सावित भएको थियो ।
हाल जसपा र लोसपा एकीकृत भएर अघि बढे पनि एमालेसँग पुरानो समीकरण कायम छैन । त्यसैले यसपटक उनले व्यक्तिगत पहुँच, संगठनात्मक संरचना र कार्यकालका उपलब्धिलाई नै मुख्य आधार बनाएका छन् । निरन्तरताको मत माग्दै उनी विकासका केही पहललाई आफ्नो उपलब्धि मान्छन् ।
नेपाल कम्युनिस्ट पार्टी (एमाले)का रामचन्द्र मण्डल प्रदेशसभा सदस्य पदबाट राजीनामा दिएर प्रतिनिधिसभामा उम्मेदवार बनेका छन् । दुई कार्यकालको प्रदेश अनुभवलाई उनले आफ्नो पुँजी मानेका छन् ।
संघीय तहमा पुगेर व्यापक सेवा गर्ने लक्ष्यसहित उनी मतदातामाझ पुगेका छन् । प्रदेश तहको अनुभव राष्ट्रिय नीति निर्माणमा उपयोगी हुने दाबी गर्दै आफू योग्य र सक्षम उम्मेदवार भएको उनको भनाइ छ । राष्ट्रिय स्वतन्त्र पार्टीका किसोरी साह (कमल) भने पटक–पटकको दल परिवर्तनका कारण चर्चामा छन् । २०७४ मा एमालेबाट प्रदेशसभा सदस्य बनेका उनी २०७९ मा जनमत पार्टी हुँदै अहिले रास्वपाबाट उम्मेदवार छन् ।
प्रतिस्पर्धीहरूले यसैलाई अवसरवादको रूपमा व्याख्या गरे पनि साहले यसलाई परिस्थितिजन्य निर्णय बताउँदै मतदातासँगको व्यक्तिगत सम्बन्ध नै आफ्नो मुख्य शक्ति भएको दाबी गर्छन् ।
राष्ट्रिय प्रजातन्त्र पार्टीका मनोज मल्ल ठकुरीले पारिवारिक राजनीतिक विरासतलाई आफ्नो पहिचान बनाएका छन् । उनका पिता हेमबहादुर मल्ल 'शेरे धनुषा'का रूपमा परिचित पञ्चायतकालीन नेता थिए ।
कृषि र किसानमुखी नीति आफ्नो प्राथमिकता रहेको बताउँदै मल्लले गरिब र विपन्न वर्गको पक्षमा काम गर्ने प्रतिबद्धता जनाएका छन् । 'अधुरो काम पूरा गर्ने' भावनात्मक सन्देशसहित उनी मतदातामाझ पुगेका छन् ।
२०७९ को स्थानीय तह निर्वाचनको परिणाम हेर्दा यस क्षेत्रमा कांग्रेस तुलनात्मक रूपमा सशक्त देखिन्छ । ४४ वडामध्ये कांग्रेसले १५ वडा तथा सातमध्ये चार पालिकामा प्रमुख–उपप्रमुख जितेको थियो । एमालेले नौ वडा, जसपा नेपालले आठ वडा र माओवादी केन्द्रले छ वडा (एक पालिकासहित) जितेका थिए ।

# महोत्तरीका ६३ प्रतिशत मतदानस्थल अतिसंवेदनशील



**मधेशदृष्टि**
**महोत्तरी ।**
प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा खुला सीमाका कारण संवेदनशील मानिएको महोत्तरीमा सुरक्षा संयन्त्र पूर्ण सक्रिय देखिएको छ । नेपाल–भारत खुला सीमाको विशेष अवस्थालाई मध्यनजर गर्दै जिल्ला सुरक्षा समितिले बहु–तह सुरक्षा रणनीति लागू गरी निगरानी र अनुगमन तीव्र पारेको जनाएको छ ।
बिहारअन्तर्गतका सीतामढी र मधुबनी जिल्लासँग करिब ३९ किलोमिटर खुला सीमा जोडिएको महोत्तरीमा सीमापार हुन सक्ने अवाञ्छित गतिविधिलाई मुख्य चुनौतीका रूपमा लिइएको छ । खुला आवागमन, आपराधिक चलखेल तथा निर्वाचन आचारसंहिता उल्लंघनको सम्भावनालाई दृष्टिगत गर्दै सीमा नाकामा विशेष निगरानी र गस्ती बढाइएको छ ।
जिल्लाका २ सय ५८ मतदानस्थलमध्ये १ सय ६३ (६३ प्रतिशत) लाई अतिसंवेदनशील, ८९ (३४ प्रतिशत) लाई संवेदनशील र ६ (२ प्रतिशत) लाई सामान्य श्रेणीमा वर्गीकरण गरिएको छ । जोखिम मूल्यांकनका आधारमा नेपाल प्रहरी, सशस्त्र प्रहरी र म्यादी प्रहरीको संयुक्त परिचालनमार्फत सुरक्षा घेरा निर्माण गरिएको जिल्ला सुरक्षा समितिले जनाएको छ ।
मतदानस्थलको वर्गीकरण गर्दा विगतका निर्वाचन अनुभव, भौगोलिक दुर्गमता, राजनीतिक प्रतिस्पर्धाको तीव्रता, सीमा नजिकको अवस्थिति तथा सामाजिक–सांस्कृतिक संवेदनशीलतालाई आधार मानिएको छ । अतिसंवेदनशील स्थलहरूमा अतिरिक्त सुरक्षाकर्मी परिचालन, नियमित गस्ती र विशेष निगरानीको व्यवस्था गरिएको छ ।
प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवका अनुसार १५ वटै स्थानीय तहअन्तर्गत रहेका मतदानस्थलको भौतिक संरचना, पहुँचमार्ग, सुरक्षा जोखिम, विद्युत् आपूर्ति, खानेपानी तथा शौचालयजस्ता आधारभूत सुविधाको विस्तृत स्थलगत अनुगमन सम्पन्न भइसकेको छ ।
उनले २ सय ५८ वटै मतदानस्थल तयारी अवस्थामा रहेको र फागुनको तेस्रो सातादेखि मतपेटिका तथा मतदान सामग्री ढुवानी गर्ने तालिका मिलाइएको जानकारी दिए । दुर्गम तथा सीमावर्ती क्षेत्रका लागि वैकल्पिक मार्गको समेत पहिचान गरिएको उनले बताए ।
सीमा सुरक्षालाई प्रभावकारी बनाउन भारतीय प्रशासनसँग समन्वयलाई प्राथमिकता दिइएको छ । पुस २४ गते रौतहटको चन्द्रनिगाहपुरमा सीतामढी जिल्लाका अधिकारीहरूसँग संयुक्त सुरक्षा बैठक सम्पन्न भएको थियो भने मधुबनी जिल्लासँग जनकपुरधाममा अर्को चरणको बैठक गर्ने तयारी छ । सीमापार आपराधिक गतिविधि तथा निर्वाचन प्रभावित गर्न सक्ने सम्भावित चलखेल रोक्न दुवै देशका सुरक्षा निकायबीच सूचनाको आदानप्रदान सुदृढ पारिएको जनाइएको छ ।
प्रमुख जिल्ला अधिकारी यादव, मुख्य निर्वाचन अधिकृत माधवप्रसाद अधिकारी, नेपाल प्रहरी र सशस्त्र प्रहरीका प्रहरी उपरीक्षकहरू, जिल्ला निर्वाचन अधिकारी रञ्जिता झा तथा इलाका प्रहरी कार्यालय बर्दिबासका डीएसपी विकास बमलगायतको संयुक्त टोलीले दक्षिणी सीमावर्ती क्षेत्रदेखि खयरमाराको विकट डाँडाछोड्केसम्म स्थलगत अनुगमन गरेको छ ।
अनुगमनका क्रममा मतदान कक्ष व्यवस्थापन, प्रवेश–निष्क्रमण मार्ग, अपांगमैत्री पहुँच, आपतकालीन व्यवस्थापन योजना र समग्र सुरक्षा तयारीबारे समीक्षा गरिएको छ ।
निर्वाचन वातावरण शान्त र विश्वसनीय बनाउन जिल्लाका चारै निर्वाचन क्षेत्रमा राजनीतिक दल, उम्मेदवार, जनप्रतिनिधि तथा नागरिक समाजसँग अन्तरक्रिया कार्यक्रमसमेत आयोजना गरिएको थियो । आचारसंहिता पालन, मतदाता सचेतना र शान्तिपूर्ण मतदान सुनिश्चित गर्ने विषयमा छलफल गरिएको प्रशासनले जनाएको छ ।
संयुक्त सुरक्षा परिचालन, सीमा समन्वय र बहुपक्षीय सहकार्यका माध्यमबाट महोत्तरीमा स्वच्छ, निष्पक्ष र भयरहित वातावरणमा मतदान सम्पन्न गराउने तयारी अन्तिम चरणमा पुगेको प्रशासनको दाबी छ । खुला सीमाको संवेदनशीलताबीच पनि प्रभावकारी सुरक्षा व्यवस्थाका कारण यसपटकको निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न हुने विश्वास व्यक्त गरिएको छ ।

# जनकपुरधामलाई वैवाहिक गन्तव्यस्थलसँगै औद्योगिक केन्द्र बनाउने योजना



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा निर्वाचन क्षेत्र नम्बर–३ मा चुनावी सरगर्मी बढ्दै गईरहेको समयमा नेकपा एमालेकी उम्मेदवार जुलीकुमारी महतोले जनकपुरधामको समग्र विकासलाई निरन्तरता दिने अभिप्रायले मतदाताहरुको साथ खोजिरहेकी छन् । घरदैलो अभियानलाई तीव्र बनाउँदै उनले आफूले अघि बढाएका योजनाहरुका साथै आगामी योजनाहरु कार्यान्वयनकालागि जनताको साथ आवश्यक रहेको बताइन् ।
जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर ११ मा घरदैलो गर्दै महतोले आफू प्रतिनिधिसभा सदस्य रहँदा अगाडि सारेका विकासका कामहरू कार्यकाल पूरा नहुँदै निर्वाचनमा जानुपरेकाले रोकिएको उल्लेख गरिन् । उनले अब ती योजनाहरूलाई पूर्णता दिन मतदाताले पुनः अवसर दिने विश्वास व्यक्त गरिन् ।
महतोले जनकपुरधामलाई धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न आफ्नो विशेष पहल रहेको दाबी गरिन् । एमाले नेतृत्वको सरकारले नीति तथा कार्यक्रममा जनकपुरधामलाई 'वैवाहिक गन्तव्य स्थल' का रूपमा विकास गर्ने अवधारणा आफ्नै पहलमा समावेश गरिएको उनले बताइन् । धार्मिक पर्यटन प्रवर्द्धनसँगै औद्योगिकीकरण र भौतिक पूर्वाधार विस्तारमा पनि आफू निरन्तर सक्रिय रहेको उनको भनाइ थियो ।
घरदैलोका क्रममा मतदाताका गुनासा र सुझाव सुन्दै महतोले उठेका प्रश्नहरूको जवाफ समेत दिएकी थिइन् । मतदाताले विकासका कामप्रति आफ्नो सक्रियता देखेकाले आगामी दिनमा पनि साथ दिने विश्वास उनले व्यक्त गरिन् ।
महतोले नयाँ राजनीतिक दलहरूले बिना नीति र स्पष्ट दृष्टिकोण पुराना दलप्रति वितृष्णा फैलाउने प्रयास गरिरहेको आरोप लगाइन् । नेकपा एमाले संविधान रक्षा, राष्ट्रिय स्वाधीनता र विकासको एजेण्डामा अडिग रहेको बताउँदै उनले मधेसको विकासका लागि एमाले नेतृत्वकै सरकारले महत्वपूर्ण योजनाहरू अघि बढाएको स्मरण गराइन् ।
अन्त्यमा महतोले धनुषा–३ को समग्र विकासका लागि सुरु गरिएका अधुरा कामलाई पूरा गर्न आफू प्रतिबद्ध रहेको दोहोऱ्याउँदै मतदातासँग सहयोगको अपिल गरिन् ।

# निर्वाचनको ७२ घण्टा अगाडि नेपाल–भारत सीमा पूर्णरुपमा बन्द गरिने

**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल र भारतका सुरक्षा अधिकारीहरूले शनिबार वीरगंजमा सम्पन्न सीमा समन्वय समितिको बैठकमा निर्वाचन नजिकिँदा सीमा सुरक्षा सुदृढ गर्ने महत्वपूर्ण निर्णय गरेका छन् । बैठकमा निर्णय अनुसार, प्रतिनिधिसभाको निर्वाचन सुरु हुनु कम्तीमा ७२ घण्टा अघि भारतसँगको सम्पूर्ण सीमा पूर्णरुपले बन्द गरिनेछ । यसले निर्वाचनको समयमा हुन सक्ने क्रस–बोर्डर अपराध, अवैध मदिरा कारोबार, नक्कली नोटको कारोबार जस्ता गतिविधिहरूलाई रोक्ने लक्ष्य राखिएको छ ।
वीरगंजस्थित एकीकृत सुरक्षा जाँचचौकीमा आयोजित बैठकमा दुवै देशका सुरक्षा निकायका वरिष्ठ अधिकारीहरूले सीमा क्षेत्रमा आवश्यक सतर्कता अपनाउने सहमति जनाए । बैठकमा प्रमुख विषयहरूमा विशेष ध्यान दिनुपर्ने कुराहरूमा मदिराको अवैध खरिद बिक्री र सेवन, नक्कली नोटको कारोबार, साथै निर्वाचनको समयमा सीमा नजिक हुने अन्य अवैध गतिविधि रोक्ने उपायहरू समावेश छन् ।
सुरक्षा समन्वय बैठकमा भारतीय पक्षले पहिलोपटक सिर्सिया नदीमा भइरहेको जलप्रदूषणको विषय उठाएको थियो । भारतीय प्रतिनिधिहरूले नेपाल हुँदै भारततर्फ जाने पानी केवल वाटर ट्रीटमेन्ट प्लान्टमार्फत प्रशोधित गरेर पठाउन आग्रह गरेका छन् । यसअघि यस प्रकारको विषयमा भारतीय पक्षले कुनै प्रतिक्रिया देखाएको थिएन । नेपाली अधिकारीहरूले यसमा सहकार्य गर्ने प्रतिबद्धता जनाएका छन् ।
यसका साथै, नेपाल–भारत सीमामा भइरहेको अतिक्रमण हटाउन पनि भारतीय पक्षले नेपाली निकायसँग सहकार्यको माग गरेको छ । दुवै देशका अधिकारीहरूले सीमा क्षेत्रमा शान्ति, सुरक्षा र कानुनी प्रक्रिया सुनिश्चित गर्न संयुक्त पहल अघि बढाउने प्रतिबद्धता जनाएका छन् ।
बैठकमा नेपालतर्फ पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहाल, बाराका प्रमुख जिल्ला अधिकारी धर्मेन्द्रकुमार मिश्र, साथै नेपाली सेनाका प्रतिनिधिहरू सहभागी थिए । भारतीय पक्षबाट बिहारको पूर्वी चम्पारण जिल्लाका डिस्ट्रिक्ट मेजिस्ट्रेट सौरभ जोरवाल र पश्चिम चम्पारण जिल्लाका मेजिस्ट्रेट धर्मेन्द्र कुमारले बैठकको नेतृत्व गरेका थिए । दुवै देशका सुरक्षा निकायका मातहतका अधिकारीहरूले बैठकमा सीमा निगरानी, सुरक्षा योजना र आपसी समन्वयका विस्तृत रणनीति प्रस्तुत गरेका थिए ।
विशेष रूपमा, निर्वाचनको समयमा सीमा सुरक्षा सुदृढ पार्न दुवै देशका अधिकारीहरूले संयुक्त निगरानी, जाँच चौकीहरूको सुदृढीकरण र क्रस–बोर्डर अपराध रोक्न तत्कालीन कदमहरू सुनिश्चित गर्ने योजना बनाएका छन् । यस बैठकले दुई देशबीचको सीमा निगरानी, आपसी सहयोग र कानुनी प्रक्रिया सुनिश्चित गर्ने दिशामा ठोस कदम चालेको बताइएको छ ।
सुरक्षा अधिकारीहरूले आगामी निर्वाचनका दिनहरूमा सीमा नजिक हुने जोखिम र अवैध गतिविधिहरूलाई रोक्न प्रभावकारी उपायहरू लागू गर्ने र आवश्यक खालका निगरानी व्यवस्था थप गर्ने योजना सार्वजनिक गरेका छन् । यसले केवल सुरक्षा सुनिश्चित गर्नु मात्र नभई दुवै देशका स्थानीय बासिन्दा र वातावरणीय सुरक्षामा पनि योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।

# गाउँगाउँमा गस्ती गर्न कार्यकर्तालाई राउतको निर्देशन




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनमत पार्टीका अध्यक्ष सीके राउतले शनिबार निर्वाचन क्षेत्र सप्तरी–२ मा युवा कार्यकर्तालाई लक्षित गर्दै प्रशिक्षण कार्यक्रम सञ्चालन गरेका छन् ।
प्रशिक्षणमा बोल्दै अध्यक्ष राउतले पार्टीलाई जिताउन 'सिपाही'को भूमिकामा सक्रिय हुन युवाहरूलाई आग्रह गरे । उनले स रीमा 'गुण्डाराज' चलिरहेको दाबी गर्दै त्यसको अन्त्यका लागि जनमत पार्टीलाई विजयी गराउनुपर्ने बताए । निर्वाचन अवधिभर गाउँ–गाउँमा मोटरसाइकलमार्फत गस्ती गर्न र मतदातासँग निरन्तर सम्पर्कमा रहन उनले कार्यकर्तालाई निर्देशन दिएका थिए । अन्य दलका उम्मेदवारले मतदातालाई प्रलोभनस्वरूप नगद वा अन्य सामग्री वितरण गर्न सक्ने आशंका व्यक्त गर्दै त्यस्ता गतिविधि हुन नदिन सजग रहन उनले आह्वान गरे ।
अध्यक्ष राउतले जनमत पार्टीका चुनावी प्रतिबद्धताबारे व्यापक जानकारी गराउन पनि कार्यकर्तालाई निर्देशन दिए । पार्टीले ३० हजार जेन्जीलाई प्रहरी सेवामा भर्ना गर्ने, १ हजार ३ सय महिलालाई रोजगारी उपलब्ध गराउने तथा स्वयम्सेवक शिक्षक भर्ना गर्ने योजनालाई मतदातामाझ स्पष्ट रूपमा प्रस्तुत गर्नुपर्ने उनले बताए ।
निर्वाचनको दिन मतदातालाई मतदान केन्द्रसम्म पुग्न सहयोग गर्न, आवश्यक सहजीकरण गर्न र आफ्नो पक्षका मतदाता विचलित नहून् भन्ने सुनिश्चित गर्न पनि उनले निर्देशन दिएका थिए । अन्य दलले मतदातालाई विभिन्न प्रलोभन देखाउन सक्ने भन्दै त्यसतर्फ सतर्क रहन उनले जोड दिए ।
सप्तरी–२ मा शीर्ष तहका नेताहरू प्रतिस्पर्धामा रहेकाले चुनावी माहोल थप चर्किंदै गएको छ । अध्यक्ष राउत स्वयम् सोही क्षेत्रका उम्मेदवार भएकाले जनमत पार्टीले युवामार्फत संगठनात्मक परिचालनलाई तीव्रता दिएको देखिन्छ ।
सप्तरी–२ मा जनमत समर्थित जेन्जी युवाको प्रदर्शन
प्रतिनिधिसभा सदस्य निर्वाचन नजिकिँदै जाँदा सप्तरी–२ मा चुनावी गतिविधि तीव्र बन्दै गएको छ । प्रमुख दलहरूबीच प्रतिस्पर्धा चर्किंदै जाँदा युवामुखी अभियानले समेत गति लिएको देखिन्छ ।
यसैक्रममा जनमत पार्टीसँग आबद्ध जेन्जी युवाहरूले शनिबार राजविराजमा शक्ति प्रदर्शन गरेका छन् । राजदेवी मैदानबाट सुरु भएको प्रदर्शन नगरका मुख्य बजार क्षेत्र परिक्रमा गर्दै सम्पन्न भएको थियो । सहभागी युवाहरूले पार्टीको पक्षमा नाराबाजी गर्दै चुनावी माहोललाई थप तताएका थिए । प्रदर्शनअघि पार्टी अध्यक्ष सीके राउतले युवाहरुलाई निर्वाचन केन्द्रित प्रशिक्षण दिएका थिए । उनले बुथ व्यवस्थापन, मतदातासँग समन्वय र मतदानको दिन सुरक्षात्मक सतर्कतामा सक्रिय भूमिका निर्वाह गर्न युवा दस्तालाई निर्देशन दिए ।
अध्यक्ष प्तराउतले पार्टीभित्र देखिएका असमझदारीलाई तत्काल थाँती राखेर निर्वाचन जित्ने साझा लक्ष्यमा केन्द्रित हुन कार्यकर्तालाई आग्रह गरे । जनताको अधिकार स्थापना गर्ने एजेन्डाबाट पार्टी पछि नहट्ने उल्लेख गर्दै उनले गरिब, दलित, मुस्लिम तथा सिमान्तकृत समुदायको पक्षमा निरन्तर काम गर्ने प्रतिबद्धता दोहोऱ्याए ।
कार्यक्रममा बोल्दै पार्टी नेता महेश यादवले रोजगारीलाई केन्द्रमा राखेर अघि सारिएको जनमतको चुनावी मुद्दा अन्य दलले समेत अपनाउन थालेको दाबी गरे । विकास र निकासलाई प्रमुख एजेन्डा बनाइएको उल्लेख गर्दै उनले यसपटक सकारात्मक परिणाम आउने विश्वास व्यक्त गरे ।
सप्तरी–२ मा विभिन्न दलका शीर्ष नेताहरू उम्मेदवार रहेकाले चुनावी प्रतिस्पर्धा थप रोचक बन्दै गएको छ । दलहरूले युवालाई लक्षित कार्यक्रम र संगठनात्मक परिचालनलाई तीव्रता दिँदै चुनावी माहोललाई सक्रिय बनाइरहेका छन् ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालय: जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन